
साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक १० २०८१ असोज ८ गते मंगलबार (Sep. 24, 2024) मूल्य रू. १०/-

## नेपालको आवाज कसले सुन्छन्



१९६० को दशकमा राजा महेन्द्रले र त्यसको केहीवर्षपछि राजा वीरेन्द्रले अमेरिकाको संसदमा संवोधन गरेका थिए । विश्वमा नेपालले के भन्छ ? भनेर कान ठाडो पारेर सुन्ने गरिन्थ्यो तर आज नेपालको राष्ट्र संघ र अमेरिकामा मात्र फोटो सेसन र भारतका सामु लम्पसार पर्न तथा केही दिन, माँग्ने जाने प्रवृत्ति विकास भएको छ ।

यसकारण जम्बो टिम अमेरिका जानु रमाइलोका लागि मात्र हो ।

प्रम गएका छन्, किन गएका ? एजेन्डाहरू के के छन् ? राष्ट्रका लागि आउट पुट के के आउँछन् ? राज्यकोषको दुरूपयोग किन बढी ? अहिले सम्मको उपलब्धि के के हुन् ? भन्न सक्छन् ?

# सहकारी ठगहरूले ४ सयलाई मारिसके

काठमाडौं । ८६ अर्व लुटिइसक्यो, १० खर्बभन्दा बढी सहकारीको रकम हिनामिनाको जोखिममा छ । हिनामिना गर्नेमा रवि लामिछाने, जीवी राई, इच्छाबहादुर तामाङ, धनराज गुरूङ, सीवी लामलगायतका दर्जनौ ब्यक्ति ठूला भ्रष्ट देखिएका छन् ।

सम्पत्ति बेचेर, बैंकभन्दा बढी ब्याज पाइने लोभमा सहकारीमा पैसा थुपारेका बचतकर्ताहरू यतिबेला सडकमा पुगेका छन् । उनीहरूले उपचार गर्न पाएका छैनन्, खर्चबर्च नभएर संकटमा परेका छन् । एक अध्ययनअनुसार सहकारीमा पैसा जम्मा गरेका तर फिर्ता नपाएर अकालमा ४ सय बचतकर्ताको मृत्यु भइसकेको छ । आश्चर्य त के लाग्छ भने सहकारीको पैसा चलाएर नतिर्नेमा राजेन्द्र पाण्डे, बंशीधर मिश्र, पम्फा भुसाल, विमलेन्द्र निधिजस्ता ठूला र नाम चलेका व्यक्ति पनि रहेका छन् । कतिपय सहकारीले जग्गामा लगानी गरेको, जग्गा किनबेच नहुँदा ऋणीले ऋण फिर्ता नगर्दा सहकारी संस्था नै समस्यामा परेका धेरै घटना रहेका छन् ।

३४ हजार ८ सय ३७ सहकारीमा ६५ लाख बचतकर्ता सदस्य छन् । तिनले आफू र आफन्तको बचत गरेका गराएका छन् । तर अर्वौं बचत कुम्ल्याएर, दुरूपयोग गर्नेहरू सर्लक्क पन्छिएका छन्, लुकेका छन्, भागेका छन् । सहकारीमा तालाबन्दी छ, बचतकर्ता हरेक दिन संस्थामा जान्छन् र डुब्यो खाइ नखाई जम्मा गरेको बचत डुब्यो भन्दै फर्कन्छन् । केही सहकारी पीडित संगठित भएका छन् र सडक आन्दोलन गरेर सरकारसँग न्यायको माग गरिरहेका छन् ।

सरकार छ, नियामक निकाय राष्ट्र बैंक छ, सहकारी विभाग छ, राष्ट्रिय सहकारी बोर्ड, महासंघ पनि छ । सबैभन्दा माथि राष्ट्रपति पनि छन् । तर कसैले सहकारी पीडितले अकालमा मर्नु परेका, औषधि खान नपाएका र सहकारीमा जम्मा गरेको बचत फिर्ता पाउन नसकेकोमा चिन्ता र चासो लिएका छैनन् ।

छानबिन समिति पनि कर्मकाण्ड पूरा गरेर सुस्ताएको छ । संसदमा विशेष प्रस्ताव लगेर बहस गराउनुपर्ने, अधिवेशन नै अन्त्य गरियो । राजनीतिक दलहरू जसले जनताको भोट लिएर संसद छिरेका छन्, तिनले सहकारी पीडितको समस्या उजागर गरेनन्, समाधानका लागि सरकारलाई दबाब दिएका छैनन् ।

केही संघीय र राष्ट्रियसभाका सांसदहरूले सहकारी ठगीमा संलग्न जो कोहीलाई तत्काल कारवाही गरी बचतकर्ताको रकम फिर्ता गर्न माग अघि सारेका छन् । उनीहरूले ठगहरूको शाखा सन्तानकै सम्पत्ति रोक्का राख्नुपर्छ पनि भनेका छन् । तर यो आवाज उठ्यो, तात्यो र सेलायो । यसैवीच एउटा सहकारी ठगमा विवेक बाँकी रहेछ, उसले सरकारलाई निवेदन दिएका छन् । बाग्लुङ ढोरपाटन नगरका













मेयर देवकुमार नेपालीले सहकारी ठगीमा बेपत्ता भएकै ठाउँबाट भनेका छन्- हिनामिना गरेको बचत फिर्ता गर्छु ३ अर्बको सम्पत्ति छ, बेचेर बचतकर्ताको रकम फिर्ता गर्छु । उनले भनेका छन्- ऋण तिर्न र सार्वजनिक जीवनमा फर्कने मौका पाउँ ।

प्रमुख प्रतिपक्ष माओवादीका सांसद झक्कुप्रसाद सुवेदीले सहकारी ठगहरूको सम्पत्ति जफत गरेर पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गर्न सरकार अग्रसर हुनुपर्ने र गरिवको पैसामा मोज गर्ने ठगहरूलाई तत्काल कडा कारवाही थाल्न ढिला गर्न नहुने भनेर सरकारको कानको जाली फुट्नेगरी चिच्याएका छन् ।

जनमोर्चाका चित्रबहादुर केसीले पनि सहकारी ठगहरूलाई कारवाही गर्न सरकारले किन खुट्टा कमाएको भनेर आलोचना गरेका छन् । अलिकति बिवेक भएका सांसदहरूले सहकारी ठगीदेखि सबै प्रकारका अनैतिक कामहरूको अन्त्य गर्ने काममा सरकार र संसद दुवैले जोड दिनुपर्ने आवश्यकता छ भनेका छन् ।

तर प्रमुख प्रतिपक्षी र अन्य प्रतिपक्षीले एक स्वरमा सरकार र नियामक निकायलाई दबाब दिएर सहकारी ठगहरूमाथि कडा कारवाही गर्न र सहकारी पीडितलाई के कसरी राहत दिन सकिन्छ भनेकै छैनन् । मानौं, सहकारी पीडितमाथि यिनको कुनै सरोकार नै छैन । यथार्थमा सहकारी ठगीमा हरेक पार्टीका नेता, कार्यकर्ता अथवा समर्थक फसेका छन् । यहीकारणले हो उनीहरू मुखमा ठेडी कोचेर बसेका छन्, लोकतन्त्रमा लोक मरेको दृश्य टुलुटुलु हेरिरहेका छन् ।

सहकारी समस्या होइन, ठगी हो । सत्ता, संसद, सरकार र नियामक निकायहरू समेत सहकारी ठगले तैयार गरेको दलदलमा फसेका कारण सहकारी ठगी गर्ने 'काला अनुहारहरू' माथि कारवाही हुने सम्भावना न्यून बन्दै गएको छ ।


सहकारी ठगले यसरी उन्मुक्ति पाउनु भनेको कानुनव्यवस्था मरिसक्यो भन्ने हो । जब कानुन व्यवस्था नै छैन भने यो पद्धति असफल भएको हो । लोकले आफ्नो बचतसमेत आफ्नो भन्न पाउँदैनन्, लुटिन्छन् भने यस्तो पनि लोकतन्त्र हुन्छ र ?

सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा एमाले सांसद सूर्य थापाको नेतृत्वको संसदीय छानबिन विशेष समितिले साढे ३ महिना लगाएर प्रतिवेदन बुझाएको र गृहमन्त्रीले छानबिन गर्न आदेश दिए पनि राजनीतिक क्षेत्र नै सहकारी ठगीमा लसपस भएका कारण तरङ्ग उत्पन्न भएको छ, कारवाही हुने लक्ष्यण भने छैन । सहकारी ठगी गर्ने सबै काला अनुहारमाथि कारवाही हुनुपर्छ भन्न छाडेर राजनीतिक इवी साध्न रवि लामिछाने, जीवी राईको मात्र नाम उछालेर विषयान्तर भएको छ । सहकारीको जालझेलले अन्यायमा आमनागरिक परिरहेका छन् ।

सहकारी ठगी प्रकरणले राजनीतिक पार्टी र नेताहरू आर्थिक सुशासनको पक्षमा होइन, भ्रष्ट र ठगहरूको संरक्षणमा छन् भन्ने प्रमाणित हुनपुगेको छ । ठूला साना, पुराना नयाँ सबै पार्टीहरू ठगका पक्षमा छन्, जनताका पक्षमा देखिएनन् । सहकारी ठगीमा जो मुछिएका छन्, ती प्रभावशाली छन् । पार्टी र नेताको आडभरोसा पाएकाहरू नै छन् । यहाँसम्म कि सहकारी ठगीको रकम पचाउनकै लागि तिनले नक्कली विवाह, नक्कली अंशबन्डा, नक्कली खाता, नक्कली लेखापरीक्षण, नक्कली शेयर सदस्य, नक्कली साधारण सभा, नक्कली पुनःविवाह र नक्कली पारपाचुकेसमेत गरेका प्रमाणहरू छरपस्ट सामाजिक सञ्जालमा आइरहेका छन् ।

अर्थात समाजमा कुनियत बढ्यो, नैतिकता हरायो । राजनीति अपराधिकरण हुनपुग्यो । लोकतन्त्र नीति, नैतिकता र सिद्धान्तमा चल्नुपर्ने हो, त्यसको सर्वनास हुनपुग्यो । चरित्रहीनताले राजनीतिमा जनविश्वास समाप्त नै पारिदियो । सहकारी ठगी प्रकरणमा पक्राउ परेका, फरार रहेका र राजनीतिक पहुँचले कारवाहीबाट बचेकाहरू बाँच्ने र सहकारीमा बचत गर्नेहरू अकालमै मर्नुपर्ने हो त ? त्यसै पनि नेपाल दण्डहीन मुलुक भनेर बदनाम छ, जनतामारा मुलुक बनेर बदनाम हुने ?

## नाकाबन्दीको बिद्रोह




हाम्रो पार्टी नेपालका संयोजक ब्रम्हाण्ड, गोविन्द बोहोरा ब्रम्हाण्डले २०७२ असोज ७ देखि चैत्रसम्म करिब करिब ६ महिना लामो चौथोपटक भारतले लगाएको अमानवीय नाकावन्दीलाई कहिल्यै बिर्सने छैनौ भनेर विज्ञप्ति निकालेका छन् । यो दिनलाई हामी देशभक्त नेपालीहरूले कालो दिनको रूपमा सम्झिरहने छौं विज्ञप्तिमा भनेका छन् ।

विज्ञप्तिमा भनिएको छ- नेपालीहरूको मन-मस्तिष्कबाट ती कहाली लाग्दो दिन सायदै हराउला ! भारतले १. २०१९ सालमा पहिलो, २. २०२७ सालमा दोश्रो, ३. २०४५ सालमा तेस्रो र ४. २०७२ असोज ७ गते चौथोपल्ट नाकाबन्दी लगाएको थियो । नाकावन्दी बिरूद्ध "राष्ट्रिय प्रतिरोध जागरण मोर्चा' गठन गरेर विरोध गरेका थियौं । त्यसपछि अरूले पनि खुलेर विरोध गरेका थिए । हामी भन्न चाहन्छौं अब पाठ सिक्दै पहिलो नेपाललाई केन्द्रमा राखेर सम्भावित यस्तै प्रकारका समस्या आईपरेमा के गर्ने भन्ने दुरगामी योजना बनाउँ । किनकी पटके नाकाबन्दी ब्यहोरी सकेको नेपालविरूद्ध अब फेरि नाकाबन्दी नगर्लान भन्न सकिदैंन । यस्को लागि नेपाललाई सक्दो आत्मनिर्भरता तर्फ लैजान सक्नुपर्नेछ ।

## कनेक्टिङ कर्णाली- राज्यलाई शिक्षा

'कनेक्टिङ कर्णाली' मनघरी फाउण्डेशनको आयोजनामा दैलेखपछि अहिले डोल्पा, मुगुका तस्वीर र स्थानीय सामग्रीको प्रदर्शन सम्पन्न भएको छ । सिङ्गो कर्णालीलाई राजधानीसँग जोड्नका लागि राज्यलाई प्रदर्शनीले झकझक्याएको छ ।

शब्द, दृश्य, चित्र र उत्पादनका माध्यमबाट संघीय राजधानीलाई कर्णालीसँग जोड्न प्रेरित गर्ने 'कनेक्टिङ कर्णाली' अभियानअन्तर्गत मुगु जिल्लाको प्रर्दशनी भएको र आगामी दिनमा अन्य कार्यक्रम आउने छ । नेताको कामै प्रशंसा गर्ने र व्यवहार नदेखाउने हो । यो प्रदर्शनी हेरेर केही नेताले त्यसै गरेका छन् ।

कर्णाली पर्यटकीय, प्राकृतिक र अन्य सम्पदाका कारण धनी छ तर राजधानीले सधैं कर्णालीलाई बेवास्ता गरेको छ । कर्णालीले सधैं सोध्यो- हामीमाथि किन बिभेद गरेको ? यो प्रर्दशनीमा कर्णालीक्षेत्रका धार्मिक, पुरातात्विक, प्राकृतिक सुन्दरतासहित मुगु जिल्ला झल्कने गरी ३० वटा तस्वीरका साथै उत्पादित सामाग्री प्रर्दशनीमा राखिएको थियो । प्रर्दशनीका लागि कविराज कार्की, कुबेरराज कार्की र भरतबन्धु थापाको मेहनत प्रशंसनीय छ । राज्यले कर्णालीलाई ध्यान देओस् ।




## प्रदेश खारेज गर्दा प्रजातन्त्र मासिन्न

संविधान संशोधनका लागि बहस चलिरहेका बेलामा माओवादी आत्तिएर माओवादीको सहमति बिना गरिने संविधान संशोधन मान्य छैन भनेर घुर्क्याइरहेको बेलामा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले प्रजातन्त्र मासियो भने जनताले आन्दोलन गर्छन्,



म पनि प्रजातन्त्रका लागि लड्छु भन्ने अभिव्यक्ति दिएका छन् ।

देउवाले प्रष्ट शब्दमा भनेका छन्- प्रदेश संरचना खारेज गर्दा प्रजातन्त्र नै मासिने होइन । बेलायतको जस्तो संसदीय प्रणाली चाहिने हो । तर आफूलाई वीपी कोइरालाको सच्चा अनुयायी ठान्ने देउवाले वीपीको बाटोमा हिड्ने बताएनन् ।

दुई ठूला पार्टीको सत्ता समीकरणलाई विश्लेषकहरूले अप्रत्यासित होइन भन्ने निष्कर्ष निकालेका छन् । २०५२ मा महाकाली सन्धि पास गर्दा, भारतीयलाई नागरिकता दिने विषय, जलस्रोतमा भारतको एकाधिकार मान्ने र दिल्लीको १२ बुँदे सहमति गर्ने मुख्य पात्र यिनै हुन् । यिनीहरू राष्ट्रघातमा सहमति गर्ने साझेदार हुन् । यसकारण संविधान नमान्ने भारतलाई खुशी पार्न संविधान संशोधन हुनसक्छ भन्नेहरू धेरै निस्केका छन् ।

## सैनिक अभ्यासः यता सकियो, चीनमा सुरु

नेपाली सेना र अमेरिकी सेनाको संयुक्त 'प्यासिफिक एन्जल २४' सैन्य अभ्यास सम्पन्न भएको छ ।

यो अभ्यास गर्न भदौ २८ मा आएको अमेरिकी सेनाले नेपालीसँग भदौ ३० देखि असोज २ सम्म काठमाडौं, मकवानपुर र धादिङमा अभ्यास गरेको थियो । नेपालस्थित अमेरिकी दूतावासका अनुसार अभ्यासका क्रममा खोज र उद्धार कार्य गर्न अमेरिकी वायुसेनाले विशेष रूपमा परिमार्जित गरेको विमान 'एचसी-१३०जे कम्ब्याट किङ'बाट नेपाली सेनाले तालिम लिएको थियो । यो विमानलाई अमेरिकी सेनाले खोज तथा उद्धार र लडाइँमा खोजका लागि प्रयोग गर्ने गरेको छ । प्रतिघण्टा ५३७ किलोमिटरको गतिमा कुद्ने यो विमानले एक पटक इन्धन भरेपछि ८ हजार ३ सय ३४ किलोमिटरको दुरी पार गर्न सक्छ । समाचारका अनुसार यस्तो अभ्यास अमेरिकी सेनाले हिन्द-प्रशान्त क्षेत्रका देशहरूमा नियमित रूपमा संचालन गर्दै आएको सैन्य अभ्यास हो । यसको उद्देश्य मानवीय सहायता र विपद् व्यवस्थापनमा



क्षमता बढाउनु रहेको छ । यस्ता संयुक्त अभ्यासबाट नेपाली सेनाको क्षमताबृद्धि र प्राविधिक ज्ञान बढ्ने छ ।

नेपालमा विभिन्न देशबाट आउने सैनिकहरूसँग संयुक्त अभ्यास सन् २०१२ देखि सुरू भएको हो । स्मरणीय छ, नेपाली सेनाको एक टोली चीनमा यस्तै खालको सैनिक अभ्यास गर्न हिडेको छ ।

जंगी अड्डाका अनुसार विपद् व्यवस्थापन तथा मानवीय सहयोगको क्षेत्रमा अनुभव आदानप्रदान गरी विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्यले संयुक्त सैन्य अभ्यास गरिएको हो ।

अभ्यासमा विभिन्न प्रकारका विपद्को दौरान सञ्चालन गरिने खोज तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन अपनाउनु पर्ने विद्यमान विधि तथा प्रक्रियाहरूका सम्बन्धमा ज्ञान आदानप्रदान भएको नेपाली सेनाले जनाएको छ । तर केही सेना र सेनाको आधुनिकरण, क्षमताबृद्धिलाई आलोचना गर्नेहरूले सेनालाई कमजोर पार्नका लागि अमेरिकाको बिरोधजस्तो गरेर सेनालाई अखानो पार्ने प्रयास गरेका छन् ।

## संवैधानिक राजतन्त्र सबैको माँग बन्यो

*बरू खोपाको देउता सरह भए पनि संवैधानिक राजतन्त्र नै ठिक हो भन्ने विषय चर्कर गएको छ । पूर्वराजाले पनि जनताले खोजेको बेलामा म यही छु भनेर भनेकै हो । जनताले पनि संघीय लोकतान्त्रिक पद्धतिप्रति निराशा प्रकट गरिरहेका छन्, अड्डाअदालत, संवैधानिक निकाय कहीँ पनि संविधानले काम गर्न नसकेको प्रष्ट भइसक्यो ।*

*यतिमात्र होइन, हरेक दलभित्र असन्तुष्टि छ । आमनागरिक असन्तुष्ट छन् । ३ करोड जनता भएको मुलुकका एक करोड युवा विदेशीएका छन् । यो क्रम अझ बढेर गएको छ । विश्वमा नेपालको छवि युवा निकासी गर्ने, दण्डहीन मुलुकका रूपमा बदनाम भएको छ । यो सबै संविधान र नेतृत्वको असफलता र स्वार्थी प्रवृत्तिका कारणले भएको हो ।*



*पूर्व प्रधानन्यायाधीश सुशीला कार्की भन्नुहुन्छ- फटाह भए पनि ओली र देउवाका मान्छे भनेपछि जोगिने । यसकारण यो फटाहहरको व्यवस्था खारेज गरी सबै नेपालीलाई न्याय दिन र विश्वभर नेपालको असल छवि स्थापित गर्न संवैधानिक राजसंस्था ल्याऔं ।*

*यो माग देशव्यापी बनिसकेको छ ।*

# प्रवल गुरूङको फेसन डिजाइन

अमेरिकी उपराष्ट्रपति तथा राष्ट्रपतिका दावेदार उमेदवार कमला हैरिसका फेसन डिजाइनर प्रबल गुरूङले फेसन सो इन्डिया-वेस्ट न्यूज डेस्कमा आफ्नो राजनीति लगाएका छन् । अहिले प्रबल गुरूङ यही कारण चर्चामा छन् ।






रिपोर्टहरू सार्वजनिक भएका छन् कि न्युयोर्क - डिजाइनर प्रबल गुरूंग फेरि एकपटक आफ्नो फेसन फरवार्ड डिजाइनका लागि मात्र नभई आफ्नो राजनीतिक र सामाजिक बयानका लागि पनि हेडलाइन बनाइरहेका छन् । आफ्नो हालैको वसन्त २०२५ रनवे कार्यक्रममा, गुरूङले मौसमी लुगा मात्र नभई धेरै प्रकारका फेसन डिजाइनका प्रदर्शन गरे; उनले मञ्चलाई साहसी समर्थन गर्न प्रयोग गरे ।

सोको समापन समाप्त हुँदै जाँदा, नेपालमा जन्मेका गुरूङले ह्यारिस/वाल्ज टिकटलाई प्रमुख रूपमा प्रदर्शन गर्ने सर्ट लगाएर आफ्नो धनुष लिए । यो सार्टोरियल छनोटले राजनीतिक अभियानको लागि उनको समर्थनलाई जोड दियो र सामाजिक सक्रियतासँग फेसनलाई मिलाउने उनको प्रतिबद्धतालाई उजागर गर्‍यो । उनले विगतमा पनि उपराष्ट्रपतिको लुगा लगाएका छन् । डिजाइन गरेका छन् ।

यो कार्यक्रम आफैमा रङको आनन्दमय कोलाज प्रस्तुत गर्दै गुरूङको सिग्नेचर शैलीको जीवन्त प्रदर्शन थियो । डिजाइनर प्रबल गुरूङले मोडेलहरूले हावामा उठेको गुलाबी पाउडरका साथ होलीको पर्व मनाउँदै सेतो पोशाकमा रनवे प्रस्तुतीकरणको समापन गरे । गुरूङको राजनीतिक बयान र नवीन डिजाइनबाट प्रेरित व्यक्तिहरूका लागि, ह्यारिस/वाल्ज शर्ट अनलाइन अर्डरका लागि यसरी सूचना जारी गरेका छन् । prabalgurung.com.products.vote–tee<.

# बालमन्दिर लुट्नेको भएन खोजी



बाल मन्दिरका जग्गामा भूमाफियाको रगरगी चल्यो, कतिले निजी बनाए, कतिले बिक्री बितरण गरे, कतिले कब्जा जमाए । बालमन्दिरको जग्गामा ठूला होटल पनि बनेका छन् । तर सबै यथार्थ थाहा पाएर पनि राज्यले छानबिन गरेन । छानबिन गर्नुपर्ने परिवारलाई मन्त्री बनाएपछि त समस्यै सफाचट पारियो ।

# नेपालमा मौलाएको अवसरवादी भँडुवा राजनीति



**डा. केशव देवकोटा**

गत असारको अन्त्यमा नेपाली कांग्रेसको पहल र समर्थन तथा एमालेका अध्यक्ष केपी ओलीको नेतृत्वमा सरकार गठन भएपछि मुख्यत माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादी पार्टीको राजनीतिक ओरालो यात्रा शुरू भएको देखिएको छ । ती तीनवटै पार्टीमा मुख्य समस्या पार्टीका अध्यक्षहरू नै हुन् । जब पार्टीका अध्यक्षहरूको राजनीतिक दर्शन 'अवसरवाद' र नीति 'भँडुवा' हुन्छ भने, त्यो पार्टी अगाडि बढ्न सक्दैन । पछिल्लो समयमा माओवादी केन्द्र र रास्वपा मुद्धाका आधारमा आपसी सहकार्यगर्ने तयारीमा रहेका समाचारहरू बाहिर आएका छन् । दुबैको खास मुद्धा भनेकै 'जसरी पनि सत्ता र शक्तिमा पुग्नु हो' । उनीहरूको देशमा भाँडभैलो मच्चाउने बाहेक अर्को कुनै नीति र कार्यक्रम देखिएको छैन । गत भदौको दोश्रो सातामा भएको माओवादी केन्द्रको स्थायी समितिको बैठकले बिचार र मुद्धा मिल्ने दलहरूसँग सहकार्यगर्ने निर्णय गरेको थियो । त्यसैगरी रास्वपाको हालैको बैठकले पनि मुद्धा मिल्ने दलसँग सहकार्यगर्ने भनेको छर। यसअघि माओवादी केन्द्रसँग संसदमा रहेका माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी र उपेन्द्र यादव नेतृत्वको जसपा सहकार्यमा रहेका थिए । उनीहरूले आपसमा मिलेर समाजवादी मोर्चा पनि बनाए । तर माओवादी केन्द्रका अध्यक्षको बेठेगानको बोली र ब्यवहारका कारण जसपा सो पार्टीसँगको सहकार्य र समाजवादी मोर्चा दुबैबाट अलग भैसकेको छभने एकीकृत समाजवादी पनि माओवादी केन्द्रबाट बिमुख बन्दैगएको देखिएको छ । सो पार्टीका अध्यक्ष पुष्पकमल दाहालको बिशेष जोडबलमा एमाले फुटाएर बनाइएको एकीकृत समाजवादी पार्टी यतिबेला 'घर न घाटको' अवस्थामा पुगेको छ । एमालेबाट फुटेर आएका अधिकांश नेता तथा कार्यकर्ताहरू सोही पार्टीमा फिर्ता भैसकेका छन्भने एकीकृत समाजवादी छाडेर एमालेमा प्रबेशगर्नेक्रम अद्यापि जारी छ । नेपालमा संसदवादी कम्युनिष्ट पार्टीहरूमा एमाले अब्बल देखिएको छ भने संसद बाहिर रहेका कम्युनिष्ट पार्टीहरूमा मोहन बैद्य नेतृत्वको क्रान्तिकारीपार्टी अग्रणी रहेको छ ।

माओवादी केन्द्र लगायतका अन्य कम्युनिष्ट नामधारी पार्टीहरू उनीहरूकै सेरोफेरोमा घुमिरहेका छन् । एमालेले माओवादी केन्द्रका अध्यक्ष दाहाललाई अस्थिर (छुकछुके) नेता भएको ठहर गरेको छ । त्यसैगरी क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले माओवादी केन्द्रलाई अवसरवादी दक्षिणपन्थी पार्टी र सो पार्टीका अध्यक्ष दाहाललाई प्रतिक्रियावादी भएको ठहर गरेको छ । जुन पार्टी माओवादी केन्द्रको निकट पुग्दछ, त्यो पार्टीनै भष्म हुनेगरेको देखिन्छ । नेपाली कांग्रेस र एमालेले त माओवादी केन्द्रका अध्यक्ष दाहालको धोखेबाजी पटक, पटक ब्यहोरेपछि अपसमा मिलेर सरकार बनाएका छन् । सबैलाई थाहा छकि नेपाली कांग्रेसले बिश्वासको मत फिर्ता लिनासाथ केपी ओली नेतृत्वको बर्तमान सरकार ढल्छ । तर नेपाली कांग्रेसका लागि बर्तमान सरकार टिकाउनु पर्ने बाध्यता छ । किनकी एमालेलाई छाड्नासाथ एकातिर एमालेको प्रतिपक्षी भूमिकाको सामना गर्नुपर्छभने अर्कातिर फेरी माओवादी केन्द्र र रास्वपाजस्ता पार्टीहरूको सहारा लिनुपर्ने हुन्छ । जुन नेपाली कांग्रेसका नेताहरूका लागि 'अरूचीको बिषय' बन्नेगरेको छ । माओवादी केन्द्र र रास्वपाले सरकारलाई खबरदारीगर्ने विषयमा संसदमा सहकार्यगर्ने जुन भनेका छन्, त्यो पनि असंभव कुरा हो । किनकी माओवादी केन्द्रका अध्यक्षको भनाई उग्रबामपन्थी र कामगराई अवसरवादी तथा चरम दक्षिणपन्थी रहँदै आएको छ । माओवादी केन्द्रले संसदमा जनयुद्धलाई हिंसा भनेकोभनेर झण्डै एकहप्ता बैठकनै अवरूद्ध गर्‍यो । तर जनयुद्धमा आफैले अगाडि सारेका ४० सूत्रीय माग पूरा गर्न/गराउन कहिल्यै पनि आवाज उठाएन । जनयुद्धकालीन माओवादीका अध्यक्ष दाहाल तीन पटक र नेता डा. बाबुराम भट्टराई एक पटकगरी चार पटक देशको कार्यकारी प्रमुख प्रधानमन्त्रिहुँदा पनि उक्त मागको उच्चारणसमेत गरिएन । उहाँहरूलाई देशमा भाँडभैलो मच्चाउन सकेकोमामात्र जनयुद्धप्रति गौरव लागेको हो । जनयुद्धका नायक भनिएका डा. भट्टराईले कम्युनिष्ट राजनीति र पार्टी दुबै छाडिसक्नु भएको छभने पुष्पकमलले कम्युनिष्ट राजनीति छाडे पनि पार्टीभने छाड्नु भएको छैन । जसको मुख्य कारण माओवाद र माओवादी राजनीतिलाई सकेसम्म बदनाम गराउनु हो । यस्तो अवस्थामा रास्वपाले माओवादी केन्द्रसँग पहिलो त, के एजेण्डामा सहकार्य गर्ने ?, दोश्रो सहकार्य गरेपनि सो पार्टीको क्षय बाहेक केही पनि हुन सक्दैन । खासमा रास्वपा कांग्रेस निकटको पार्टी हो ।

त्यसैले उसले माओवादी केन्द्रसँग नभएर नेपाली कांग्रेससँगै सहकार्यगर्नु उचित हुन्छ । हालसम्मको स्थितिमा माओवादी केन्द्र र रास्वपाभन्ने पार्टी ०८४ सम्ममात्रै रहनेजस्तो देखिएको छ । माओवादी केन्द्रको पछिलागेर हिँडेको खण्डमा रास्वपाको क्षय ०८४ अघिनै हुने संभावना पनि प्रबल छ । हुन त गत असारपछिबाटै संसदको तेश्रो स्थानमा रहेको प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र र चौथो दल रास्वपाले एमालेका अध्यक्ष केपी ओली नेतृत्वको सरकारविरूद्ध अघोषित मोर्चा चलाउँदै पनि आएका छन् । तर त्यसबाट उक्त दुबै पार्टीलाई कुनै उल्लेख्य लाभ प्राप्त भैरहेको छैन । दुबै पार्टीका शीर्ष नेतालाई केवल आत्मरति पूरागर्ने माध्यममात्र भएको देखिएको छ । कांग्रेस र एमालेले उपसभामुख इन्दिरा रानामगरलाई पदीय आचरण दुरूपयोग गरेकोभन्दै हटाउन खोज्दा प्रतिनिधिसभाको बैठकमा माओवादी केन्द्र र रास्वपा एकैठाउँमा उभिएझै देखिएका थिए । तर एमालेले उक्त प्रशंगलाई खासै महत्व नदिँदा त्यसको लाभ एमालेले प्राप्त गर्‍यो । उपसभामुख रानालाई पदबाट हटाइएको भए संसदको प्रमुख प्रतिपक्षी र तेश्रो पार्टी भएकाले त्यसको लाभ माओवादी केन्द्रलाई प्राप्त हुनेवाला थियो । तर माओवादी केन्द्रका अध्यक्ष दाहाल धेरै बाठो हुनखोज्दा हातमा आइसकेको उक्त पद पनि गुम्यो । सहकारी ठगी प्रकरणमा मुछिएका रास्वपाका सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेलाई कारवाही गर्नपर्ने माग कांग्रेस र एमाले नेताहरूले उठाउँदा माओवादी केन्द्रका नेताहरू मौन रहिदिए । अब यो साताबाट लामिछाने बिरूद्ध कारवाही अगाडि बढ्ने संभावना छ । तर माओवादी केन्द्रबाट उक्त कारवाहीको प्रतिवाद हुने कुनै संभावना रहेको छैन । माओवादी केन्द्रका केही नेताहरूले भ्रष्टाचारविरूद्ध, सुशासन र जनताका सरोकारका विषयमा समान धारणा भएकाले संसदको आगामी हिउँदे अधिवेशनमा रास्वपासँग सहकार्य हुने बताएरपनि त्यसको कुनै आधार देखिएको छैन । सुशासन र जनसरोकारका कतिपय मुद्धामा माओवादी केन्द्रलाई नै खासै चासो रहने गरेको देखिँदैन । माओवादी केन्द्रको खास नीति भनेकै 'पाएसम्म सत्ता नपाए संघर्ष' भन्ने हो । यो कुरा बुझेका कारण माओवादी केन्द्रले सञ्चालनगर्ने कुनैपनि आन्दोलन र अभियानमा जनसहभागिता जुट्ने संभावना कम रहेको छ । यसअघिका बिभिन्न घटनाक्रमहरूले उपरोक्त कुराको पुष्टि पनि गरिसकेका छन् । कांग्रेस र एमालेको सरकारका गलत काम कारवाहीका विरूद्ध प्रतिपक्षी दलहरूले खबरदारीगर्नु राम्रो कुरा हो । तर संसदीय बहुदलीय ब्यवस्थामा प्रतिपक्षले रचनात्मक भूमिका प्रदर्शनगर्ने अलग्गै तौरतरिकाहरू रहेका छन् । खासगरी प्रमुख प्रतिपक्ष भनेको छायाँ सरकारनै हो । प्रमुख प्रतिपक्षमा रहेको माओवादी केन्द्रले रास्वपामात्र नभएर संसदमा रहेका अन्य प्रतिपक्षी दलहरूलाई समेत समेटेर छायाँ सरकार गठन गरेर अगाडि बढ्ने होभने त्यसको अलग्गै अर्थ र महत्व रहन्छ । यस्तो अभ्यास ०४६ सालको परिवर्तनपछि एमालेले गरेको थियो । तर पछिल्ला दिनमा उ पनि स्वार्थमा फसेका कारण त्यस्तो छायाँ सरकारको अभ्यासमा गएन । माओवादी केन्द्रका अध्यक्ष दाहालले पार्टी भित्र र बाहिर दुबैतिर 'युज एण्ड थ्रो' अर्थात 'काम परून्जेल भाँडो नभए ठाँडो'को नीति लिने गर्नुभएको छ ।

गत भाद्रबाट शुरू भएका माओवादी केन्द्रका बैठकहरूमा उक्त नीति लागूगरिएको थियो । जस्तो माओवादी केन्द्रले आफ्नो पार्टीको सल्लाहकार समितिसँगको छलफलमा काठमाडौं उपत्यका भित्रै रहेका कतिपय सल्लाहकारलाई बोलाएन । भोली सो पार्टीले सरकारमा तेश्रो दलकै रूपमा भएपनि प्रबेश पायोभने रास्वपालाई वास्ता नगर्ने निश्चित छ । माओवादी केन्द्रले संसदमा सशक्त भूमिका निभाउने र आवश्यक परे आन्दोलनको तयारी गर्ने भन्दै तल्ला समितिलाई परिपत्र गरिसकेको बताइन्छ । रास्वपाका सभापति लामिछानेले पनि दुईदिने राष्ट्रिय भेला समापन गर्दै सडक आन्दोलनमा जाने अवस्था आउनसक्ने बताउनु भएको थियो । हुन त राप्रपा र राजमोलगायतका पार्टीहरू पनि आन्दोलनको क्रममा छन् । तर उनीहरू माओवादी केन्द्रका भनाईसँग सहमत छैनन् । यस्तो अवस्थामा माओवादी केन्द्र र रास्वपाले सहजै आन्दोलन गर्नसक्ने देखिदैन । हालको खास अवस्था भनेको नेकां, एमाले र माओवादी केन्द्रलगायतका दलहरूको सर्बदलीय अन्तरिम सरकार गठन गरेर देशमा राजनीतिक स्थिरताका साथै शान्ति सुब्यवस्था कायम गराउनु पर्ने अवस्था हो । संसदमा रहेका सबै दल संसदीय मूल्य, मान्यता र आदर्शअनुसार चल्ने होभने आगामी निर्वाचनमा सन्तुलित नतिजा आउन सक्छ । तर कतिपय पार्टीका लागि 'देशमा भाँडभैलो मच्चाउनु पर्ने' भएकाले उनीहरूबाट संसदीय सभ्यताको अपेक्षा गर्न सकिन्न । सर्बसाधारण जनताले संसदवादी पार्टी को कति पानीमा छन् भन्ने बुझिसकेकाले अब जनतालाई ढाँटछल परेर फाइदा लिनसक्ने अवस्था छैन । यो समयमानै बुझ्न जरूरी छ ।


# सिल्भाँ लेभीले ११४ वर्ष अघि लेखेको नेपालमा हिन्दुअधिराज्यको इतिहास


११४ बर्ष अघि सिल्भाँ लेभीले नेपालमा हिन्दू अधिराज्यको इतिहास लेखे ! जुन आज पनि चर्चित रहेको छ ।

'सिल्भाँ लेभी, जो हिन्दू अधिराज्यको इतिहाँस अध्ययन गर्न बि.स.१९४५ मा नेपाल आएका थिए ! उनले आफ्नो जीवनमा प्रथम पटक सन् १८९८ , दोश्रो पटक सन् १९२२ र तेश्रो पटक सन् १९२८ गरी ३ पटक नेपाल आएका थिए ! उनले नेपाल सम्बन्धमा लेखेको पुस्तक "हिन्दू अधिराज्यको इतिहाँस " हो, जो ३ खण्डमा सन १९०५ मा प्रकाशित भएको थियो ! १११ बर्ष अघिको उनको अध्ययनले नेपालको एक शताव्दी अघिको साँस्कृतिक ,राजनैतिक र सामाजिक अवस्थाको बिद्वतापूर्ण विश्लेषण गरेको छ भन्दा बढि हुनेछैन !

सिल्भाँ लेभी २८ मार्च सन १८६३मा जन्मिएका थिए ! उनको मृत्यु ३० अक्टोबर सन् १९३५मा ७२ बर्षको उमेरमा भएको थियो ! उनि संस्कृत भाषाका प्रकाण्ड विद्वान , इतिहांसका अन्वेषक , हिन्दु र बौद्ध संस्कृतिका अद्भूत पारखी थिए ! उनको विलक्षण प्रतिभाको कारणले उनि २४ बर्षको उमेरमै कलेज द फ्रान्सको प्रोफेसर हुन् पुगेका थिए ! सिल्भाँ हिन्दू अधिराज्यको अध्ययन गर्न नेपाल आएका भएपनि नेपाल छिरेपछि उनको ध्यान बुद्ध धर्मको महायान सम्प्रदाय पट्टि मोडियो ! उनले महायान सम्प्रदायको हस्तलिखित पाण्डुलिपि र ग्रन्थहरू देखेपछि उनि महायान ग्रन्थहरूको इतिहास, ब्याख्या र मानव इतिहासमा बौद्ध धर्मको दार्शनिक पक्षको अध्ययन र विश्लेषण गर्नलागे !

त्यसअघि ब्रिटिश रेजिडेण्ट वि .एच .हजसनले मात्र बौद्ध धर्मको महायान ग्रन्थको संस्कृतमा लेखिएको प्रति हेर्न पाएका थिए ! सिल्भाँनले त्यो कृतिको राम्रो अध्ययन गरी आफ्नो बिचार पोखे र खुलेर भने बौद्ध धर्मको महायान सम्प्रदाय यस भूखण्डमा नेपालमा मात्र जीवित छ ! त्यसकारण नेपालको बौद्ध धर्मको महत्वको तुलना अरू मुलुक संग गर्न सकिन्न किनभने नेपालले बुद्ध धर्मको महायान शाखाको इतिहाँस आजसम्म हुबहु सुरक्षित राख्न सकेको छ ! नेपालको बिषयमा इतिहाँस लेख्ने बिदेशीहरूमा बि.एच . हजसन , फ्रान्सिस बुकानन ह्यामिल्टन ओल्डिफल्ड ,राइट कर्कप्याट्रिक र सिल्भा लेभी देखिन्छन ! तर सिल्भाले काठमान्डू उपत्यका र यसका वरपरका क्षेत्रलाई केन्द्र बिन्दु बनाइ अनुसन्धान गरेको हुनाले तत्कालिन काठमान्डू उपत्यकाको सामाजिक जीवन र नेपाली समाजको अन्तर्वस्तु , आर्थिक र सामाजिक विकाशका कुराहरू समेटेका छन् ! उनको विचारमा नेपाल साधारण छ , अन्य मुलुकहरूको जस्तो सुसंस्कृत सभ्यता नेपालीहरूले पाएनन तर नेपालमा सुरक्षित प्राचिन इतिहाँस र संरक्षित प्राचिन संस्कृत ग्रन्थहरू र शिलालेखहरू अन्यत्र पाउन मुश्किल मात्र होइन दुरूह पनि छ ! नेपालमा ईश्वी सम्बतको चौथो पाँचौं शताब्दीको शिलालेखहरू सुरक्षित छ ! नेपालको हावा पानीले तिनलाई प्राकृतिक रूपमा संरक्षित गरेका छन् ! नेपालमा " राजतरंगीणी " जस्ता प्राचिन महत्वपूर्ण ग्रन्थहरू सुरक्षित रहेका छन् !' - प्रवीण अधिकारी '






कैलास-मानसरोवरदेखि गगासम्मको हिमवतखण्डको यो भूभाग एक सम्वृद्ध सभ्यताको मूल हो । अनादिकाल देखिनै श्रृषिमुनीहरूको अथक चिन्तन र प्रयत्नबाट वेद, उपनिषद, पुराण, रामायण, अनेकौं धर्मशास्त्र, राज्यका विधिविधान र सिद्धान्तहरू कैलास-मानसरोवरदेखि गंगासम्मकै भूभागमा सिर्जिएका हुन् । यस क्षेत्रबाट सभ्यताको विकास र विस्तार गर्नमा ऋृषिमुनीहरूको महान देन छ । सप्त ऋृषिहरू ब्राम्हण र क्षेत्रीहरू भएता पनि किरातीहरूका ऋृषि 'आकुनी'को नाम पनि वेदमा पाइन्छ । तिनै ऋृषिहरूको नामबाट विभिन्न जातिहरूको गोत्र चलेको छ । किरातीहरूको गोत्र काश्यप,कासी, भारद्वाज आदि हो । जुन ऋृषिका सन्तान थिएन उनको गोत्र पनि चलेन । हिमवतखण्ड नेपालमा कुनै पनि ऋृषिमुनीहरू- कस्यप, भारद्वाज, विश्वामित्र, कौसिक), वशिष्ट, अत्री, गौतम, जमदग्नी, सप्तऋृषिहरू, 'नेमुनी', परशुराम, उपमन्य, मौतगल्य, शाण्डिल्य, मरिची, अंगिरा, गार्गी, यज्ञवल्क्य, मैत्रेयी, ब्यास पुलह, भृगु, माण्डव जस्ता यस्ता सैयौं ऋृषिहरूको तपोभूमि, कर्मभूमि हो- यो हिमवतखण्ड नेपाल । वेद् उपनिषद्, पुराणहरू यही क्षेत्रकै उपज हुन् । बाल्मिकि ऋृषिले चितौनको बाल्मिकि आश्रममा बसेर रामायण लेखेका थिए ।

जनक राजाले मिथिला क्षेत्रमा हजारौंबर्ष अगाडि सच्यताको विकास गरे । मैत्रेयी र यज्ञवल्क्य जस्ता महान ऋृषिहरूले वेदका ऋृचा लेखेका थिए । तेइससय बर्ष अगाडि अशोकले यसक्षेत्रका सभ्य र सुसंकृत क्षेत्रीबंशका देवपालसँग आफ्नी छोरी चारूमतीलाई बिवाह गराएका थिए । वशिष्ट ऋृषि रामका गुरू थिए । उनको वासस्थान देवघाट- वशिष्ट गुमामा थियो । अहिले पनि हामीहरू वशिष्ट गुमा देख्न सक्छौं । वशिष्ट ऋृषिले वशिष्ट उपनिषद्मा हिमवतखण्डको विषयलाई लिएर- "भारतबर्षे उत्तरायणे हिमालय तटे स्वर्णभूमि स्वर्गभूमि" भन्ने हृदयंगम गर्दा यो क्षेत्र कति महान छ भन्ने बुझिन्छ । कालीदासले कुमार संभवको पहिलो श्लोकमा "हिमालय पर्वतकोपूर्वदेखि पश्चिमसम्मनैं यो आर्यभूमि हो" भनेर पुष्टि गरे ।

हिमवतखण्डका ५४ भन्दा बढी स-साना राजाहरू भएको राज्य एकीकृत भएर बनेको विशाल नेपाल 'हिन्दु अधिराज्य' हो । २०६३ सालदेखि विदेशीहरूको इशारामा हिन्दु अधिराज्य समाप्त गर्न नेपालका पार्टीका केही गद्दार नेताहरू प्रयोग भएकाले नेपालमा हिन्दु तथा बौद्धहरूलाई ठूलो संकट आइपरेको छ । नेपाल हामी मध्ये कोही गणतन्त्रवादी वा धर्मनिरपेक्षको समर्थक हौंला, त्यो भिन्नै कुरा हो । तर नेपालको मामिलामा यो आत्मघाती बन्छ । अहिले नेपालमा उठाइएको धर्मनिरपेक्ष, गणतन्त्र र संघीयताको मुद्धा हाम्रो होइन । कांग्रेस, एमाले र माओवादीको पनि होइन । भारतीय र अमेरिकी गुप्तचर संस्थाको एजेण्डा हो । उनीहरू साधन-स्रोत जुटाएर यहींका नेताहरूलाई अघि सारेर नेपाललाई क्रिस्चियनकरण गर्न चहान्छन् । तर अव देशभित्र विदेशी इशारामा कांग्रेस, एमाले, माओवादीका केही देशद्रोही नेताहरूको केही चल्ने छैन । नेपालको स्थायित्व, एकता र प्रतिष्ठाको लागि नेपालको सार्वभौमसत्ताको मेरूदण्डको रूपमा स्थापित राजसंस्था र हिन्दु अधिराज्य स्थापित हुनुपर्छ । *-दीर्घराज प्रसाई*




**श्यामकृष्ण डंगोल प्रतीक्षाको विरही भाव रहेको मार्मिक शब्द र बबिना भट्टराईको स्वर तथा संगीतमा *तिम्रै झझल्को* गीत सार्वजनिक भएको छ । यो गीत हरेक दृष्टिकोणबाट चित्ताकर्षक रहेको छ ।**

## केही उदीयमान कविहरूद्वारा मुक्तक लेख्ने प्रयासहरू



नरिसाए मेरो तस्विर बगरमा साँटे हुन्छ
मनले कतै ढाँट्या भए सुटुक्क नै आँटे हुन्छ
चौथाई यता बाँकी उता तड्पियर बाँच्नु भन्दा
बार बार रूनु साटो एकैपटक काटे हुन्छ ।

**- डा.उत्तम खनाल**



वालक पनि बढेर एकदिन जवानी हुन्छ,
जिन्दगी कहिले हावा कहिले पानी हुन्छ,
बाचुञ्जेल जति घमण्ड गरे पनि मान्छेले,
आखिरमा मरेपछी जो पनि खरानी हुन्छ ।

**- अर्जुन अधिकारी**



उधारोको जिन्दगी जिएर काम छैन
फाटेको मन मुटु यहाँ सिएर काम छैन
पृथक मेरो मायामा किन घात गर्यौ ?
पीडा माथि झन आँसु पिएर काम छैन ।

**- महेश तामाङ, नुवाकोट**



सकेसम्म सबैको हितमा काम गरी आउनु भयो
बाँचुन्जेल परोपकार गर्दै जीवन बिताउनु भयो
जीवन दान दिनेलाई पनि रोगले छोडने रहेनछ
सबैको आँखामा आँशुको धारा बगाउनु भयो ।

**- अनुप खतिवडा जिज्ञासु, असम**



जिज्युबराज्युले जङ्गवीर जन्माए नाम तमाम कमाए
देखाए युद्धको मैदानमा शौर्यवीर्य सलाम कमाए
कसको सराप लागेछ कुन्नि हामी उँभोमात्रै ताक्छौ
नाती पनातीले लीलाबहादुर जन्माए अनाम कमाए

**- मिलन बोहोरा, विश्वनाथ**



खुशी खोसेर जमाएको सम्पत्तिले
लामो हातले समाएको सम्पत्तिले
सरापी रहन्छ स्वयम् ऊ रहुन्जेल् नै
ईमान बेचेर कमाएको सम्पत्तिले ।

**- गंगा दहाल**



हृदयमा भिजेको माया मातृभूमिको
भवनामा डुबेको छाया मातृभूमिको
भावना मै प्रवाहित सौम्य प्रकृति
बिर्सन सकिन्न काया मातृभूमिको ।

**- गंगा लिगल**



बाध्यता वस लगाउनु पर्ने मनको के अर्थ
आफैंलाई बेचेर कमाएको धनको के अर्थ
दिल र दिमागमा अर्कै बसेको छ भने तिम्रो
नदेउ मलाई जिन्दगी खाली तनको के अर्थ ?

**- महेश विष्ट, खोटाङ**

## अजिब मान्छे



**अरूणबहादुर खत्री-**


साहित्यकार सीताराम कोइरालाको अजिब मान्छे नामक संस्मरण सङ्ग्रह २०७७ सालमा प्रकाशित भएर पाठकहरूले पढ्ने अवसर पाएका छन् । यसभित्र रूपियाँ फल्ने मन, हजुरबा र भकारी, रक्स्याहा नाचेको समाज, अजिब मान्छे, अल्छी लगायत विभिन्न शीर्षकका ११ वटा संस्मरणहरू राखिएका छन् । रूपियाँ फल्ने मन शीर्षकको पहिलो संस्मरणभित्र जीवनलाई आफैले छामेर हेर्ने बानी बस्न थालिसकेको छ । नछामूँ पनि कसरी ? छाम्नु पर्छ जीवनलाई, तब त थाहा हुन्छन् दुःखका पीडाहरू, सुखका क्षणहरू अनि गएका दिनहरू र आउने दिनहरू । यी दिनहरूले सिकाउने छन्, हिँड्ने जीवनका बाटाहरूलाई उनले लेखेका छन् ।

हजुरबा र भकारी शीर्षकको संस्मरणभित्र माघ महिनाको अर्को हप्ता त्यस्तै आठ-नौ बजेको हुँदो हो । आमा भात पकाउँदै हुनुहुन्थ्यो । भाउजू आइपुग्नु भयो अनि आमासँग खासखुस कुरा गर्नुभयो । आमा र भाउजू भएर घरको तलामा गएर एउटा बाँसको चोयाले बुनेको भकारी झिक्नुभयो । आमाले भाउजूलाई भन्नुभयो हेर् है दुलही ससुराको बानी तँलाई थाहा छ, यो भकारी हाम्रै हो भन्न बेर लाउँदैनन् । तँ आएकीले मात्र झिकेर दिएको भनेर कोइरालाले लेखेका छन् ।

यस सङ्ग्रहभित्रका संस्मरणहरू छोटा पनि छन् । रक्स्याहा नाचेको समाज शीर्षकको संस्मरणमा मोटे दाइले थाहा पाइसकेका थिए यसरी गाउँलाई सधैँ दुःख दिएर थर्काउनेहरूको नाम केदार र बिर्खे रहेछ । एकरात माहिला बा कहाँ सुत्न भनेर गएको थिएँ । त्यो रात माइला बा हुनुहुन्थेन । घरमा माइली आमा, दिदी र म मात्रै थियौ । कृष्णपक्षको रात रहेछ । आकाशमा चन्द्रमा नभएको हुँदा बाहिर चकमन्न अँध्यारो थियो भनेर कोइरालाले लेखेका छन् ।

अजिब मान्छे शीर्षकको संस्मरणभित्र फुर्सदको दिन टाउके गाउँगाउँ डुल्थ्यो र लैनो पाडो खोजेर ल्याउँथ्यो । त्यस पाडोलाई काटेपछि बारीको एउटा छेउमा आगो सल्काएर पाडोलाई पोल्थ्यो । त्यसको गन्धले गाउँ नै ढाकेपछि मान्छेहरू भन्थे- आज पनि टाउकेले लैनो पाडो पोलेजस्तो छ भनिएको छ । अल्छी शीर्षकको संस्मरणभित्र स्वास्नीको अनुहारमा भविष्यप्रतिको धमिलो छाया झल्किन्थ्यो । धेरै वर्ष बितिसकेको थियो । गाउँका पुराना बुढाहरू पनि मरिसकेका थिएँ । बा पनि बितिसक्नुभएको थियो । मेरो पनि बिहे भएर छोराछोरी भैसकेका थिए भनेर कोइरालाले लेखेका छन् ।

भविष्यको सपना शीर्षकको संस्मरणमा दुई कक्षामा बस्नलाई अल्लि सुविधा भयो । कक्षा कोठाभरि बेन्च थिए, अब भुइँमा बस्नुपर्ने समस्या थिएन । शुक्रबारको दिन केही न केही कार्यक्रम भइरहन्थ्यो । नाच्न नजाने पनि मलाई गीत गाउने सोख थियो । विदाइ शीर्षकको संस्मरणभित्र म स्कुल पुग्दा धेरै साथीहरू आइसकेका रहेछन् । अमर पनि आइसकेको रहेछ । मलाई देखेर अमर खुसीले उफ्रिदै आइपुग्यो र भन्न थाल्यो- अब यो स्कुल छोडिने भइयो, अर्को स्कुल पढिने भइयो । त्यहाँ पनि नयाँ नयाँ थुप्रै साथीहरू बन्लान तँ र म त




छदैछौ भनेर लेखिएको छ । यस सङ्ग्रहभित्रको उडान शीर्षकको अन्तिम संस्मरणमा पुलको छेउबाट देखिने नारायणी नदीको मनमोहक दृश्यलाई नियाल्ने मेरो इच्छा थियो । नदीको पूर्वी किनारामा मेला लागेको जस्तो पनि देखियो । सोचे जाऊँ, न त एकपटक के रहेछ हेरूँ । मेला र बगिरहेको नदीको दृश्य किनारबाट हेर्दा रमाइलै अनुभव होला भनिएको छ ।

सस्मरणको भाषा सरल छ । पढ्दै जाँदा मिठास् बढ्दै जान्छ । सरल शब्दमा संस्मरणहरू पढ्न र बुझ्न समेत कठिनाइ पर्दैन । अन्त्यमा उनका अन्य राम्रा राम्रा सङ्ग्रह थपिदै जाओस्, छिटै अर्को कृति पनि साहित्यविधामा देखा परून् भन्न चाहन्छु ।

लेखकः सीताराम कोइराला
कृतिः अजिब मान्छे (संस्मरण) संस्करणः पहिलो, पृष्ठः ८२
प्रकाशकः सम्पूर्ण किताब, भोटाहिटी, काठमाडौं । मूल्यः रू.१७५।-


## हरि मञ्जुश्रीको अनुसन्धान-
### नेपालको धर्मराज्य

नेपालमा बाइसे-चौबिसे राज्य भएको बेला प्युठान उदयपुरका राजा अधिकारी ब्राह्मण रहेछन् । त्यस राज्यका विषयमा पद्मप्रसाद शर्माको 'अधिकारी वंशधर नियाल्दा' पुस्तकमा यस्तो लेखिएको रहेछ – "यस राज्यमा आफ्नै मुद्रा र सेना नभएको कुरा इतिहासबाट थाहा

> **नेपालमा बाइसे-चौबिसे राज्य हुँदा अधिकारी ब्राह्मण राजा भएको, जनतालाई दुःख नदिएको र आफ्नै सेना नभएको प्युठान उदयपुरलाई नेपालको धर्मराज्य भन्न सकिन्छ ।**
> **– पद्मप्रसाद शर्मा**

पाउन सकिन्छ । ब्राह्मणहरूले राज्य गरेको, रैतीलाई दुःख नदिएको, आफ्नै सेना नभएकाले बल प्रयोग गर्नुपर्ने अवस्था नदेखी राज्य एकीकरण नगरेरै वि. सं. १८४३ मा दामोदर पाण्डेको नेतृत्वमा आएको फौज फर्केर गएको विषय इतिहासमा उल्लेख छ । धोवाघाट उदयपुरको राजधानीबाट आसपासका २९ वटा मौजा तथा बस्तीहरू शासित भएको देखिन्छ । यो राज्य विवेक, न्याय र धर्मले चलेको हुनाले यसलाई धर्मराज्य पनि भन्न सकिन्छ । ब्राह्मणहरू बडो धार्मिक, सहिष्णु र जनसेवी रहेको पनि थाहा पाउन सकिन्छ । विभिन्न ठाउँबाट विद्वान् गुरूहरू झिकाई राजधानीमै गुरूकुलीय परम्परा अनुसार अध्यापन गर्न लगाएकाले राजाहरू शिक्षाप्रेमी थिए भन्न सकिन्छ । तत्कालीन मान्यता अनुरूप पढ्नु-पढाउनु, दान दिनु-लिनु, यज्ञ गर्नु-गराउनुका ६ कार्य ब्राह्मणको भएकाले यसका अतिरिक्त राज्य सञ्चालनको कार्य कुशलतापूर्वक सम्पन्न गरेको पाइएकाले यस राज्यको विशिष्ट खालको महत्त्व नेपालको इतिहासमा रहेको देखिन्छ ।"

## स्मृतिपुष्पका पराग सार्वजनिक हुँदैछ




'स्मृतिपुष्पका पराग' सार्वजनिक गरिने असोज ११ गते सार्वजनिक हुने कार्यक्रम छ ।

शब्दयात्रा प्रकाशनले यही असोज ११ गते शुक्रबार बनेपामा अवस्थित शब्दयात्रा प्रकाशनको सभाकक्षमा आयोजना गरिने समारोहमा 'स्मृतिपुष्पका पराग' नामक पुस्तक सार्वजनिक गर्ने भएको छ । डा. इन्दुल केसीद्वारा सम्पादित यो पुस्तक शब्दयात्रा प्रकाशनद्वारा प्रकाशित २३८ औं पुस्तक हो । यस पुस्तकमा कृष्ण किसी, प्रा. डा. कृष्णप्रसाद दाहाल, चेतनाथ कणेल हरित, टीकाराम अर्याल, पशुपतिमान पःमाँ, प्रकाशप्रसाद उपाध्याय, बुद्धिनारायण श्रेष्ठ, मच्छेश्वर सापकोटा, राममणि ढुङ्गेल, लालबहादुर भुजेल, विनोदराज शर्मा, विष्णु ओली, शङ्कर पौडेल लगायत ३५ जनाका लेखहरू सङ्कलित रहेको जानकारी प्राप्त भएको छ ।

## *गुञ्जन* को २६औं वार्षिकोत्सवको भव्यता



२०८१ असोज ४, काठमाडौं । नारी साहित्य संस्था "गुञ्जन" हिजो असोज ३ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा स्थापनाको २६औं बार्षिकोत्सव मनाएको छ । गुन्जनकी अध्यक्ष साहित्यकार जलेश्वरी श्रेष्ठको सभापतिमा सम्पन्न सो कार्यक्रममा "गुञ्जन त्रिवेणी आख्यान पुरस्कार सम्मान'बाट वरिष्ठ आख्यानकार राजेन्द्र विमल सम्मानित हुनुभएको छ । यसैगरी "गुञ्जन नारी साहित्य प्रतिभा पुरस्कर सम्मान' साहित्यकार उमा सुवेदीलाई प्रदान गरिएको छ । "गुञ्जन साहित्य पुरस्कार सम्मान'बाट साहित्यकार राधेश्याम लेकाली सम्मानित हुनुभएको छ भने "गुञ्जन मातृभाषा पुरस्कार सम्मान'बाट अपर्णा प्रधान सम्मानित हुनुभएको छ ।

*गुञ्जन लक्ष्मीराज भण्डारी बाल पुरस्कार*बाट श्रीयङ्का बस्नेत र *गुञ्जन जेष्ठ नागरिक पुरस्कार सम्मान*बाट साहित्यकार हिरण्यकुमारी पाठक सम्मानित हुनुभएको छ ।

*गुञ्जन उन्नती गीतकार पुरस्कार* सम्मान गीतकार शीला पन्त र साहित्यक सहकार्यमा कार्यक्रम गरेका दुई संस्थाका प्रमुख मचान कन्ट्री भिल्ला चितवनका प्रकाश श्रेष्ठ र किरण श्रेष्ठलाई र भिम विराग संगीतका अध्यक्ष केशवलाल श्रेष्ठलाई गुञ्जन सम्मान प्रदान गरिएको छ । पुरस्कार कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राई, अध्यक्ष जलेश्वरी श्रेष्ठले प्रदान गर्नु भएको थियो । कार्यक्रममा बालकलाकार श्रीयङ्काको आकर्षक नृत्य प्रस्तुत भएको थियो । कार्यक्रममा संस्थाकी सचिव साहित्यकार सन्ध्या पहाडीले पुरस्कृत र सम्मानित स्रष्टाहरूको परिचय राख्नु भएको थियो भने साहित्यकार सिर्जना शर्माले स्वागत र इल्या भट्टराईको धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रमको सहजीकरण महासचिव सुष्मिता नेपालले गर्नु भएको थियो । कार्यक्रम भव्य थियो । - रिपोर्टर




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# कालापानी, लिपुलेक कसरी भारतको हो ?

नेकपा स का उपमहासचिव, नेता अर्थात माधवकुमार नेपालका होनहार सहयोगी मेटमणि चौधरीले लिपुलेक, कालापानी भारतको हो भन्ने अभिव्यक्ति दिए, उनलाई नेकपा स ले कुनै कारवाही गरेको खबर सार्वजनिक भएन ।

प्राध्यापक डा. राजेश गौतम भन्छन्- म प्रजातन्त्रलाई सम्मान गर्छु तर देशको अस्तित्वलाई खतरामा पारेर प्रजातन्त्रको रक्षा गर्नुपर्छ भन्ने धारणामा म रहन चाहन्न । म मेरो संस्कृति, स्वतन्त्रता र यहाँको माटो सदैव अजेय भएको देख्न चाहन्छु । म प्रजातन्त्रको सुरक्षाको नाममा भूमि बेचेर वा भूमिलाई हस्तान्तरण गरेर देशद्रोही हुनुभन्दा आफ्नो संस्कृति स्वतन्त्रता र माटोको सुरक्षार्थ निरंकूश शासन वा शासक अन्तर्गत रहन तयार छु ।

तर संसदमा प्रतिनिधित्व गर्ने पार्टी, पूर्व एमालेका महासचिव, वर्तमान नेकपा स का अध्यक्ष माधवकुमार नेपालको पार्टीबाट संसदमा प्रतिनिधित्व गर्ने सांसद नै कालापानी, लिपुलेक भारतको हो भन्छन् भने योभन्दा जघन्य राष्ट्रघात अरू के हुनसक्छ ? जो आफ्नै अस्तित्वमाथि पराइको बलात्कार सहन तैयार छ, त्यस्तो सांसद भएको पार्टी कसरी देशभक्त हुनसक्छ ?

हुन त नेपालमा सयौं पार्टी छन्, कुन पार्टी हो, जो देशभक्त छ ? छुट्याउन कठिन छ । प्रधानमन्त्री, परराष्ट्रमन्त्री बन्छन्, आफ्नै भूमि अतिक्रमणको मुद्दामा बहस गर्न तैयार छैनन् । नेपाली भूमि के कति हो, सीमा कुन हो, सीमा सुरक्षाको हालत कस्तो छ, कसैलाई चासो नै छैन । दुईपल्ट संविधानसभाको निर्वाचनपछि बनेको संविधानमा चुच्चे नक्सा नै अलप पारे । ती सबै संविधानसभा सदस्य राष्ट्रघाती हुन् । यिनीहरू स्वराज, सार्वभौमिकताको पक्षमा छन् भनेर विश्वास गर्नु नेपालीको गल्ती भएको छ । संविधानमा नक्सा सच्याइयो, नक्सा सच्याएपछि भारतले कालापानी, लिपुलेक, लिम्पियाधुरालाई आफ्नो नक्सामा मिलायो । ती भूभाग नेपालका हुन् भनेर पर्याप्त प्रमाण छन् प्रमाण पछारेर कूटनीतिक बहस गर्न, अन्तर्राष्ट्रिय समुदायलाई गुहार्न, राष्ट्रसंघमा उजुरी गर्नसमेत जनप्रतिनिधि, सरकार तैयार छैन । यिनीहरू कसरी देशभक्त, कसरी लोकतन्त्रवादी । लोकतन्त्रवादीले आफ्नो पहिचान, आफ्नो अस्तित्व यसरी नष्ट भएको हेरेर सत्तास्वार्थमा डुब्दैनन् ।

अब त जनतासँग जनप्रतिनिधि डराउनै छाडे । संसदमा जवाफदेही हुनपर्छ भन्ने हेक्का राख्न पनि छाडे । मेटमणि चौधरीजस्ता सांसद खुलेआम भन्न थालेका छन्- लिपुलेक, कालापानी भारतको हो । सञ्चारमन्त्री प्रहरी प्रमुखको जिब्रो थुत्ने कुरा गर्छन्, आलोचित भए । वास्तवमा जिब्रो थुत्नुपर्ने मेटमणि चौधरीजस्ता सांसदको हो, जसले देशको भूभाग विदेशीको हो भने ।

मेटमणि चौधरीलाई पार्टी महासविच घनश्याम भुसालले प्रष्टिकरण सोधेको नाटक गरेका छन्, अध्यक्ष माधव नेपाल मौन बसेका छन् । टेलिभिजनबाट खुलेआम नेपाली भूमि भारतको भन्ने मेटमणि चौधरीले पानीमाथिको ओभानो बनेर पार्टीलाई प्रष्टिकरण दिंदा प्रम ओलीलाई दोषी देखाएका छन् । महाकाली सन्धि गर्दा रेखाङ्कन नगरेकाले प्रष्ट पार्न खोजेको भनेका छन् । यथार्थ कुरो के हो भने माधव नेपालसमेत महाकाली सन्धिमा ल्याप्चे ठोक्नेमध्येका थिए भने ओलीले त आफ्नै प्रधानमन्त्रीत्व कालामा चुच्चेनक्सा संविधानमा समावेश गर्न संसदमा सर्वसम्मति जुटाएका थिए । एमाले पार्टी फुटाउने तत्व अहिले ओलीमाथि इबी साध्न राष्ट्रियतामाथि धावा बोल्न पुगेका छन् । सौताको रिसले पोइको काखमा सु गर्ने भनेजस्तो अवस्था नेकपा स को हुनपुगेको छ । मेटमणि चौधरी भारतका लागि बोल्न र नेपालीत्वमाथि प्रहार गर्न तम्सिएका हुन् । यो अक्षम्य अपराध हो ।

# लोकतन्त्रमा चरित्रहीनता देखेर लाज पनि लजायो




लोकतन्त्र वेष्ट मिनिस्ष्टर पद्धति हो । यो पद्धतिमा लोकलज्जा हुनुपर्छ, चरित्र हुनुपर्छ । जोसँग चरित्र छैन, लज्जा छैन, उसले लोकतन्त्रलाई लज्जित बनाउँछ ।

नेपालमा लोकतन्त्र ल्याइयो, लोकतन्त्रको मर्यादा राख्न सकिएन । लोकतन्त्रका नायकहरूमा लोकतन्त्र हाँक्ने क्षमता नै रहेनछ । यसैले त लोकतन्त्र भनेको भ्रष्टाचारवाद, अनैतिकतावाद, परिवारवाद, अपराधवाद, माफियावाद, बाहुबलीवाद, सेटिङवाद बनाइदिए ।

परिवर्तनको १८ वर्षपछि लोकतन्त्र नाङ्गेझार भइसकेको छ ।

जसरी शिवरात्रिमा मेला भर्न भारतका विभिन्न ठाउँबाट नागाबाबा पशुपतिमा आउँछन्, लज्जाहीन भएर नाङ्गै बस्छन् । आफ्नो लिङ्ग ढोक्यो भने महिलाको मनोकाङ्क्षा पुग्छ भन्ने भ्रम छरेर महिलालाई लिङ्ग ढोकाउँछन् । दक्षिण लिन्छन् । शिवरात्रि सकिएपछि दान दक्षिणा बोकेर भारततिरै लाग्छन् ।

यही नागाबाबाबो प्रवृत्ति लोकतन्त्रका नायकहरूको छ । ठूला ठूला पार्टी र पार्टी नेताहरू जनतालाई नग्न चरित्र देखाइरहेका छन्, जनता तिनैलाई ढोगिरहेका छन् । मनाकाङ्क्ष पुग्ने आशा र विश्वास गरेर प्रतिक्षारत छन् । लोकतन्त्रको १८ वर्षमा पनि आमनागरिकमा चेत खुलेको छैन । मनमा असन्तुष्टि छ, आक्रोश छ, केही पनि भएन भन्ने भावना पनि छ । फेरि पार्टी र नेता देख्नासाथ भाङ खाएझैं लठ्ठिन्छन्, तिनकै पछि लाग्छन् । होस खुलेका बेलामा आलोचना गर्छन्, फेरि बेहोस हुन्छन् । यही पद्धति, यिनै पार्टी, तिनै नेतालाई देवत्वकरण गर्न अग्रसर हुन्छन् ।

विश्वलाई प्रष्ट भइसक्यो, नेपाली राजनीतिमा नीति, नैतिकता, सिद्धान्त र इमानदारिता केही पनि बाँकी छैन । नेपालमा राजनीति होइन, अपराधनीति चलिरहेको छ । राजनीतिलाई ठग व्यापार नीति बनाइएको छ । नेपाल दण्डहीन, विधिको शासन नभएको, कानुनव्यवस्था भत्किएको मुलुक भइसक्यो । तैपनि नेपाली सहिरहेका छन् । नेतृत्व यिनै जनतालाई जुकाले रगत चुसेझैं चुसिरहेका छन् । देश खोक्रा भइसक्यो ।

राजनीतिमा लागेकाहरूलाई पाप धर्मको छ्यानब्यान छैन । राजनीतिका खेलाडीहरूका लागि स्वार्थसिद्ध भन्दा अर्को कुनै उद्देश्य नै रहेन । नेपालको राजनीति कस्तो छ भन्ने सम्बन्धमा एक बुद्धिजीवीको टिप्पणी यस्तो रहेको छ- लाज लाग्यो भनेर एउटी महिलाले फरिया उचालेर मुख छोपेजस्तो । लोकतन्त्र जता हेर्‍यो ह्वाङ्गै छ, लज्जा पनि लजाइरहेको छ । नेपालको राजनीति दुबैतिर प्वाल परेको पुङ्माङ्जस्तो भइसक्यो ।

विश्लेषक सौरभ भन्छन्- अघि अघि जनयुद्ध, पछि पछि बाइबल आएको रहेछ । राष्ट्र बनाउन यी आएकै होइनन् । यदि विदेशीले अनुमति दिने हो भने नेपालमा ३ जनामात्र बस्नेछन्, बाँकीले नेपाल छाड्नेछन् । ती तीनजना भनेको केपी ओली, प्रचण्ड र शेरबहादुर हुन् ।

परिवर्तन, लोकतन्त्र भनेको त लुटतन्त्र मच्चाउने मिसन पो रहेछ । राजा किन फालियो, धार्मिक स्वतन्त्रताका नाममा धर्मनिरपेक्ष किन बनाइयो, संघीयता किन लादियो ? सवालको जवाफ दिन सक्दैनन् यिनीहरू । लोकतन्त्र लाज पनि लजाउने अवस्थमा पुगिसक्यो ।

२०६३ सालमा १९ दिने जनआन्दोलन पनि भएकै हो । भारतले करण सिंहलाई पठाएकै हो । करण सिंहकै साक्षी रोहवरमा मरेको संसदलाई राजाले ब्यूँताइदिएकै हो । त्यही संसदमा जनयुद्धकारीलाई ८३ सांसद बकसमा दिएर प्रधानमन्त्रीले कार्यवाहक राष्ट्रपतिको भूमिका निर्वाह गरे । नेपालको सार्वभौमिकताको विषयमा बेला बेलामा वकालत गरिरहने चीनका राजदूतले छँदाखाँदाको राजालाई बाइपास गरेर प्रधानमन्त्रीलाई ओहदाको प्रमाणपत्र पनि बुझाएकै हुन् । संविधानसभाले गणतन्त्र कार्यान्वयन गर्दासमेत चीन बोलेन । त्यही चीन थियो, जसले एक प्राध्यापकलाई पुस्तक लेख्न लगाएर दरवार हत्याकाण्डमा भारतको हात छ भनेर ठोकुवा नै गरेका थिए । अहिले आएर चीन बीआरआई कार्यान्वयन गर भन्दैछ, नेपालमा चीनविरोधी गतिविधि बढ्यो भनेर चिन्ता गर्छ । भारत नेपालमाथि बिस्तारवाद थोपरिरहेको छ । पश्चिमाहरू पनि नेपालमा पसिसके । रूसको छुट्टै रणनीति छँदैछ ।

अर्थात् नेपाली भूराजनीतिको गोलचक्करमा फस्न पुगेको छ ।

संविधान जारी भएपछि पहिलो र दोस्रो आवधिक चुनाव पनि भइसक्यो । नेतृत्व गण भन्छन्- संविधान कार्यान्वयन भयो । देश र जनताको जीवनमा लोकतन्त्र, गणतन्त्रले सकारात्मक प्रभाव केही पनि पारेको छैन । नकारात्मकताले देश र जनतालाई अन्धकार पार्दै लगेको छ ।

असोज ३ गते संविधान दिवस मनाइयो । ९ वर्ष पुगेर १० वर्ष लागेछ संविधान । संविधान दिवस, गणतन्त्र दिवस वा लोकतन्त्र दिवसमा गण वा लोक सहभागी हुन छाडेका छन् । पदासीन नेताहरू सुरक्षाकर्मी, स्कूले बालबालिकालाई टुँडिखेलमा उतारेर संविधान सफल भएको भन्छन् । यद्यपि यिनै नेताहरू संविधान संशोधन गर्न सकृय छन् । संविधानले न्याय दिन सकेन, गणतन्त्रले गणको अपेक्षा पूरा गरेन, लोकतन्त्र भ्रष्टाचारतन्त्र भइसक्यो । यो नाङ्गो दृश्यले सर्वत्र लाज पनि लजाउने अवस्था बढ्दो छ । स्वार्थको सिमित घेरामा बिधाजित थिङ्क टेङ, बुद्धिजीवी, नागरिक समाज आआफ्नो स्वार्थका थाङ्नो बनेका छन् । थाङ्नाहरूले देशलाई पनि थाङ्नामै सुताइरहेका छन् । यो सब लाज पनि लजाउने दृश्य हेरेर नेतृत्वबर्ग उत्साहित छ । कठै लोकतन्त्र, गणतन्त्र र संविधानको यो बेहाल ?

प्रशासक अनियमितता गरिरहेका छन्, यो अनियमिततालाई राजनीतिले संरक्षण दिइरहेको छ । सत्ता राजनीतिमा संविधान होइन, सेटिङ षडयन्त्र निरन्तर चलिरहेको छ । राजनीति सेवा नभएर व्यवसाय बनेको छ । यसकारण त राजनीति गर्ने र तिनका परिवार र वरिपरिका परिचर नाङ्गाबाबाहरू अर्वपति बनेका छन्, महलमा बस्छन्, सम्भ्रान्त जीवनयावन गरिरहेका छन् । सानालाई ऐन, नेतालाई चैन भइरहेको छ । समाजमा उखानै थियो- नेपालको कानुन दैव जानुन् । नेपालमा लोकतन्त्र संवैधानिकताको आवरणमा जङ्गलराजको पर्याय बनेको छ ॥

कुनै संवैधानिक निकाय स्वच्छ छैनन् । अदालत मन्दिरजस्तो रहेन । बागद्वारजस्तो बन्नुपर्ने संवैधानिकता ढलद्वार बनेको छ । यस्तो शासन व्यवस्थालाई कानुनी राज भन्नुपर्ने, यस्तो अपराधिक लोकतन्त्रलाई संवैधानिक भनिदिनुपर्ने ? जब संविधानको सीमा र आचरणमा कोही बसेकै छैनन्, कसरी त्यस्ता निकायहरू संवैधानिक हुनसक्छन् र ? नेतृत्वलाई लाज छैन, लाज पनि लजाइरहेको छ ।

गर्नलाई जनता पश्चाताप गर्छन् । प्रायाश्चित्त गर्नुपर्ने नेतृत्व बर्ग असफलताको शीरमा भ्रमको मयुरपंखे श्रीपेच लगाएर मुस्कुराइरहेका छन् । यिनलाई नाङ्गै भनिदिने विवेक कसैमा छैन ।

०६३ सालको बसन्त परिवर्तनपछि देशमा हौसला थियो, १८ वर्षपछि फर्केर हेर्दा त्यो हौसला मरिसकेको छ । बसन्त परिवर्तन, कोतपर्वभन्दा भिन्न रहेन । लोकतन्त्र राणा शासनजस्तो छ । लोकतन्त्रप्रति गौरव पार्टीहरूलाई मात्र छ । लोकतन्त्र लोकका लागि हुनुपर्ने, दलका नेता कार्यकर्ताका लागि हुनपुग्यो । लोकतन्त्र सराप बन्यो । व्यापारीको देश हुन्न भनिन्छ, राजनीति गर्नेहरूले राजनीतिलाई व्यापार बनाइदिएकाले यिनको पनि देश हुन्न रहेछ भन्ने मान्यता स्थापित हुनपुगेको छ ।

जर्ज अरवेलले भनेका थिए- एनीमल आर इक्वेल, सम एनीमल आर मोर इक्वेल । नेपालको राजनीतिमा जर्जको भनाइले मेल खाएको छ । किनकि नेपालमा राजनीति गर्नेहरूमा विवेक छैन, राष्ट्रप्रति गौरव छैन, माटोप्रति ममता छैन, जनताप्रति जिम्मेवारी छैन, संविधानप्रति आस्था छैन, पदीय दायित्व र उत्तरदायित्व छैन । लोक आकांक्षा, आवाज हरेक क्षण प्रताडित भइरहेछ ।

लोकले बुझेको छ, देखेको छ, भोगेको छ, चेत्दैन लोक । बदमास भन्ने थाहा पाए पनि तिनैलाई चुनाव जिताउँछन् । हतारमा गल्ती गरेर चुनावपछि पछुताउने बानी परेको छ लोकलाई । चुनावका बेलामा पुज्ने, चुनाव सकिएपछि घृणा गरेर के अर्थ ? यसकारण लोकतन्त्र लुटतन्त्र बनेको हो । मासुभात र खर्चपानी दिएपछि भोट पाइने, चुनाव जित्न सकिने भएपछि नेताले भ्रष्टाचारमा रमाउन सिकेका छन् । लोक निर्णायक हुन्, लोकले खराव आचरणलाई परास्त गर्नुपर्ने हो । लोकले त्यसो नगरेकाले नेता छाडा साँढे बनेका हुन् । लोकतन्त्र क्यान्सर रोग बनेको हो ।

चरित्रहीन, अनैतिक बनेकाले हो, लोकनेताहरू ख्यातीको शिखरबाट घृणाको खाडलमा खस्दैछन् । विश्वास कसैमाथि छैन । ठूला ठूला सपना देखाउने, दयनीय शासन चलाउने र जे जंग चल्छ त्यही निर्णय गर्ने जंगेशैली बढेको छ । अविवेकी व्यवहार देखाउँदै सन्की निर्णयहरू गरेर अधिनाकयकी राजनीतिक पात्रका रूपमा नेतृत्वबर्ग स्थापित हुनपुगेका छन् । अब भन्न थालिएको छ, जनता जागे । अब श्रीलंका अथवा बंगलादेशको जस्तो घटना घट्न सक्छ । कुनै पनि बेला जे पनि हुनसक्छ । अर्थात् जनताले लाज नभएका नेताहरूबिरूद्ध बिद्रोह सुरू गर्ने आँट गर्न थालेका छन् । योभन्दा बढी भ्रममा जनता बाँच्न चाहदैनन् ।

वीपी र मदन भण्डारीको दर्शनमात्र मरेन, माओको नामसमेत बदनाम भयो । नेताको मुटुभित्र नेपालीत्व समेत मरेका अनेक घटनाक्रमहरू भए । नेपाली हित र हकका लागि, सार्वभौमिकता र स्वतन्त्रताका लागि नेतृत्व उभिनै सकेन । राष्ट्रका लागि अहं भूमिका खेल्ने बेलामा विदेशीको परिक्रमा गर्ने प्रवृत्ति आत्मघातसरह हुनपुग्यो । यस्तो परालखुट्टे, पराधीन नेतृत्वले सुखी नेपाली, समृद्ध नेपालको बैतर्णी तार्दैनन् । सत्य यही हो । यही सत्य बुझेर जनता बिद्रोहको मनस्थितिमा पुगेका हुन् ।

लोकतन्त्र गाईजात्रा कति हेर्ने ?

एउटा उदाहरण भारतकै । जब भारतमा अंग्रेजको शासनकाल थियो । सुभाषचन्द्र बोसले विवाह नगरेपछि सहयोगीहरूले विवाहको कुरा उठाए-

नेताजी किन विवाह गर्नुहुन्न ?


सुभाषचन्द्र बोसले भने- विवाह त अहिले नै गर्छु, दाइजो दिने कसले ?

सहयोगीहरूले फेरि सोधे- छोरी र दाइजो दिन धेरै तैयार छन्, भन्नोस् तपाईलाई के कति दाइजो चाहियो ?

बोसले भने- मलाई दाइजोमा मेरो देशको स्वतन्त्रता चाहियो । त्यो भारतलाई स्वतन्त्र बनाउन नेपालीले पनि ज्यान दिए, रगत बगाए । त्यही भारत आज नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरा र अन्य सीमा अतिक्रमण गरेर नेपाललाई सताइरहेको छ । हामी देश बचाउन सक्दैनौं । लाज पनि लजाइरहेको छ, यिनको लोकतन्त्र देखेर ।



# आज नेपाली कांग्रेस कहाँ छ ?




वीपी कोइराला ०३३ साल पुस १६ गते 'मृत्यु दिए पनि स्वीकार छ' भनेर स्वदेश फर्किए । वीपीले त्यति कठोर निर्णय किन लिए होलान्न्, कांग्रेसीले अझै बुझेजस्तो लाग्दैन । मनमा द्विविधा भए माटो हातमा लिएर मनन गर्नु, मनले जे निर्णय गर्छ त्यही गर्नु भन्ने वीपीको निर्देशन थियो, त्यसलाई पनि कांग्रेसले बिर्सेको छ । वीपीको यो मार्गदर्शन वर्तमानमा अन्यौलग्रस्त बनेको कांग्रेस, बुढो र युवापुस्ताका लागि मूलमन्त्र हुनसक्ने थियो । ०३६ सालमा जनमत संग्रह सम्पन्न भयो । सुधारिएको पञ्चायतको पक्षमा परिणाम आयो । 'जनताको निर्णय म मान्छु' भनेर वक्तव्य निकाल्ने वीपीलाई कांग्रेसले कहिले मनन गरेन । वीपीलाई कांग्रेसले बुझ्ने कहिले ?




*भारत प्रष्ट नभएकाले र नेपाललाई विवादमा पार्नकैं लागि लुम्बिनी पारी भारतीय क्षेत्रमा बुद्ध नगर, बुद्ध एयरपोर्ट बनाइसक्यो । भारत असली, अर्को लुम्बिनी भन्छ । फिल्मकार कविर वेदीले माफी मागे । तत्कालीन भारतीय विदेश सचिव सुजाथा सिंहले फर्कने क्रममा एयरपोर्टमा भनिन्- 'बुद्धको जन्मस्थान लुम्बिनी हो, लुम्बनी नेपालमा पर्छ । यो विषयमा बिबाद गर्नुको तुक छैन ।' नरेन्द्र मोदीले नेपालको संसदमै संवोधन गर्दै यसै भनेका थिए तर जर्मन पुगेर बुद्ध भारतका हुन् भने । भारतीय लेखक फरिद जकारियादेखि कलाकार कविर वेदीसम्मले बुद्धबारे भ्रम फैलाउने काम गरिरहेकै छन् । यति हुँदा पनि नेपालका बुद्धमार्गी किन सरकारको मुख ताकेर बसेका छन् ? बुद्धमार्गी भन्न सक्दैनन्- बुद्ध नेपालका हुन् भनेर । बुद्ध, सगरमाथा, पशुपतिनाथका विषयमा किन बिबाद ? नेपालले आफ्नो महिमा, गरिमा कहिले बुझेन । जेमा पनि राजनीतिक स्वार्थ ।*

# राजतन्त्रवादीहरु निरन्तर संघर्ष गरिरहेका छन्



हामी केही सचेत नागरिकहरू नेपाल राष्ट्रको गौरव र वैभवता बोकेको साथै संस्कृतिमा विश्वकै धनि राष्ट्रको रूपमा लिएको इन्द्रजात्रा आयो भने हामी तनाव र राज्य सत्ताको चरम दमनको सामना २०६५ साल देखि वेहोर्दै आएका थियौं । यसपालीको नानी चाया : इन्द्रजात्राको समापनका दिन पनि प्रहरीका उच्च तहका १५-२० जत्थाको टोलीले व्यानर तानातान, निहत्था नागरिकलाई लछार पछार गर्ने राज्य शक्तिको घोर दुरूपयोग गरी माइतीघरमा धर्नारत माया पाण्डे, छत्र ब. जोशी, प्रकाश श्रेष्ठ, व्यवस्थापक शंकर मघैयालाई जनसेवा प्रहरी वृत्तमा नियन्त्रणमा राख्यो ।

राष्ट्रप्रेमी समृद्ध नेवा: अभियानका संयोजक इ.सुरेश रत्न वज्राचार्यको नेतृत्वमा कुमारी, गणेश र भैरवलाई समेबजी चढाएको कार्यक्रममा नेपाल राष्ट्रको एकीकरण प्रक्रियालाई अन्तिम निर्णयमा टुङ्ग्याएको राष्ट्रनिर्माता पृथ्वीनारायण शाह र हाम्रा पूर्खाहरूले गरेको महान योगदानलाई अहिलेका युवा पुस्तामा बोध गराउन इतिहास, वर्तमान र भविष्यमा हुन सक्ने दुर्घटनालाई लिएर आफ्नै साधन स्रोत परिचालन गरी देश प्रतिको कर्तव्य निभाउँदा हामीलाई बिना सित्तीमा राजावादी भनेर दमन गरियो ।

गैर न्यायिक जग्गा अधिग्रहणबाट नेवा:हरूलाई विस्थापित गर्ने षडयन्त्रको विरोध कार्यक्रममा असोज ३ गते एक जना वृद्ध नेवारले भनेको सान्दर्भिक हुन आएको छ, "छोयला बजी खान पाइन्छ, धर्म संस्कृतिको नाममा राज्य संचालन गर्न पाइन्छ" । मठ, मन्दिरको देश भनेर चिनाउन त सकिन्छ" तर नेवार जाती सम्पदा र संस्कृती मास्न वर्तमान शासकहरू लागीरहेको हुन भन्ने बारे आम उपत्यकाबासी वर्तमान शासन र शासकहरूका विरूद्ध प्रतिरोध नगर्ने हो भने नेपालको नामो निशान मेटिन केही बेर लाग्दैन । सचेत हुन आव्हान समेत गर्दछु । बेलायतको संसदमा ३०० वर्ष अघि देखि नै नेपाल भन्ने देशलाई अंग्रेजको मुट्ठीमा पार्ने हो भने नेपालको धर्म संस्कृतिलाई एक एर्क गरी कमजोर पार्नु पर्छ भन्ने निर्णय गरेको थियो ।

यसपालीको इन्द्रजात्रामा कुमारी देवीलाई बोकेर ल्याउँदा तल झरेको, गणेश भगवान रोएको जस्तो अपशकुन हामीले देखेका छौं । यस्तै तरीका अपनाउने हो भने इन्द्रजात्रा मनाउनुको कुनै अर्थ छैन ।

राजधर्म पालना गर्नु राष्ट्र प्रतिको महान कार्य हुनेछ । कर्म नै धर्म हो, धर्म नै कर्म हो । आश्विन ५ गते, शनिबार राजा ज्ञानेन्द्रबाट जिवीत बोल्ने देवी कुमारीको हातबाट टीका ग्रहण गरेर अर्को वर्षको इन्द्रजात्रासम्म शासन गर्ने अलौकीक तरीकाले अनुमोदन गर्ने पद्धतीलाई निरन्तरता दिनुपर्छ । यसको लागि राजा नै चाहिन्छ । राष्ट्रपतिले स्थायीत्व पाउँदैन । अन्तिम राणा प्रधानमन्त्री श्री ३ मोहन शमशेरले २००७ सालमा ३ वर्षको उमेर, २०५८ सालमा देशभक्त राजनेता डा.केशरजङ्ग रायमाझीले ५५ वर्षको उमेर र ७८ वर्षको उमेरमा अहिले राजा ज्ञानेन्द्रलाई जनताले तेस्रो पटक श्रीपेच पहिऱ्याएर यसपाली नारायणहिटी राजदरबारमा विजयादशमीको टीका लगाउने नेपाली जनताको चाहना छ । एउटै दापमा दुईवटा खुकुरी अट्दैन, एउटै राष्ट्रमा संवैधानिक राजतन्त्र र गणतन्त्र अघि बढ्न सक्दैन । देशव्यापी सार्वभौम जनता वीच व्यापक छलफल गरी गणतन्त्रमा पूर्णविराम लगाउनु नै पर्छ । देश हराएको छ, देश खोज्न धर्म संस्कृति, जनता र देश बचाउन अभिभावकीय राजसंस्था र राजाको आवश्यकता बारे धर्नारत माया पाण्डेको नेतृत्वमा २०४७ को संविधान पुर्नबहालीको आन्दोलन जारी छ ।

८ गते पोखरापछि पूर्वाञ्चलको सदरमुकाम धनकुटामा आमसभा हुनेछ । राष्ट्रवादीहरूको साझा संगठन (२०७७) भक्तपुर, काठमाण्डौ उपत्यका, नेपालले आयोजना गरेको राष्ट्र, राष्ट्रियता धर्म संस्कृति, प्रजातन्त्र, राजसंस्था र मानव अधिकारको रक्षा गरौं, सबै नीतिको राजा राजनीति भएकोले देशको विकास र समृद्धि गर्न राजनीतिक निकास अति आवश्यक छ । चीन र भारतलाई समदूरीमा राख्ने राजतन्त्र एकमात्र निकास हो भन्ने बारे जेष्ठ नागरिक एवं पुराना राजनीतिज्ञ एवं "म पनि एक जना जनता भएकोले श्रीपेच पहिऱ्याउने जिम्मेवारी म लिन्छु" भन्नु हुने विष्णु भक्त तण्डुकारको सभापतित्वमा बहस कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा अधिवक्ता भूमिनन्द चुडाल, कपिलामान खड्गी, नर ब. मल्ल, विष्णु सिंह डंगोल, चेतनाथ ढुंगाना, किशोरी महतो, नील नारायण कोजु, राधेश्याम बस्नेत, कृष्ण लामा आदीले राजा धर्म संस्कृति बचाउन २०४७ को संविधान कार्यान्वयन गर्न तड्कारो खाँचो भएको चर्चा गरेका छन् ।

# किसान समस्या र संविधान


सुरेशकुमार पाण्डे

बिभिन्न देशमा अन्नको भण्डार छ । किसानहरूको फसल समेतको बिमाको योजना हुन्छ । निशुल्क विद्युत् सहयोग गरेर किसानहरूलाई सरकारले प्रोत्साहन दिंदै आएको छ । तर हाम्रो देशका अन्नदाता किसानको आज पनि उस्तै अबस्था छ ।

अश्विन ३ गते सम्विधान दिवसको रूपमा मनाइयो । यो दिवस जनताले होइन, सत्ताधारीले मनाउँदै आएका छन् । कर्मकाण्डी बढी देखिन्छ ।

सम्विधान सँगसगै संघीयतापनि लिएर आयो । जनतालाई हासौं वा रूने गरायो । त्यही सङ्घीयताको परिणाम जनताले समस्या भोग्दै आएका छन् ।

गणतन्त्र पछि किसान मजदुर र दलित महिला आदिका समस्या यथावथ छन् । त्यसको साथै किसानहरूको समस्या अहिले पनि जस्ताको तस्तै छ । समय-समयमा भएका आन्दोलन किसानहरूका मुद्धालाई लिएर हुनेगरेको इतिहास भेटिन्छ ।

२०२८सालको झापा विद्रोह जस्को जोत उसैको पोतका नारा लगाउँदै ससस्त्र विद्रोह गरेका थिए । आज पनि भूमिहिन किसान एक टुक्रा जमिनका लागि सडक तताई रहेकाछन् । किसानको कथित नेतृत्व गर्नेहरू अहिले पनि मन्त्री प्रधान मन्त्री छन् । किसानहरूको समस्या जहाँको तेहीँ छ । किसानका नाममा क्रान्ति भयो, ससस्त्र युद्ध लडाए जनतालाई मराए,आफुहरू सरकारमा पुगे मन्त्री भए । किसानलाई ऋणले छाडेको छैन । समस्याले गाँजेकै छ । जुम्ला, हुम्ला, कालिकोट, कर्णाली उस्तै छन् । समग्रमा किसानहरूको दयनीय अबस्था छ । नयाँ सम्विधानले के दियो ?

पुस्तौं देखि जुन जमिनमा उनिहरूले खेती गर्दै आएका छन् भोग गर्दै आएका छन् त्यो जमिनको मोहियाना हकका लागि उनिहरू लगातार सडकमा आन्दोलित छन् । आफ्ना भोट बैंकमा भूमि आयोग गठन गरेर लालपूर्जा बाँड्छन्, आम किसान, सुकम्वासी हिजो र आज पनि आँसु झारेर बाँचेका छन् । विस.२०५७ साउनको २ गते तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले कमैया मुक्तिको घोषणा त गरे तर उनिहरूलाई पुन: कसै न कसैको दामन थाम्नै पर्यो । बाँच्नका लागि राहत भएन, कागजमा स्वतन्त्रता उल्लेख गरेर मात्रै कसैको पेट भरिंदैन । राजनीतिका स्वार्थ सिद्ध गर्न गरीवलाई भ्रमको चास्निमा डुबाउने काम भयो ।

त्यतिवेला कमैया प्रथालाई अन्त्य गर्ने घोषणा गरेपनि उनिहरूलाई पूर्नवास र रोजगारको व्यवस्था सरकारले अहिलेसम्म दिएन । त्यो वेलामा उनिहरूलाई घोषणा गरे अनुसार पाँच कट्ठा जग्गा दिएको भए केही समस्या अवश्य हल हुनेथियो ।

उस्तै कमलरी प्रथा नेपालको पश्चिम तराइमा प्रचलनमा रहेको बंधुवा मज्दुर हुन् । श्चित रकमका लागि बाबु आमाले साहुको घरमा छोरा छोरीलाई काम गर्न पठाउनु पर्दथ्यो । ऋण चुक्ता नहुनजेलसम्म त्यो बालकलाई उक्त साहुले आफ्नो घरमा कजाउन सक्दथ्यो । यो पुस्तौं देखि चलेको परम्परालाई सरकारले असार १३ २०७० मा हटायो । ११ वर्षपछि पनि समस्या जहाँको तहीँ छ ।

दाङ, बाँके, बर्दिया, कैलालि र कञ्चनपुरमा चार हजार ९३४ जना सरकारी परिचयपत्र प्राप्त गरेकाहरू छन् । अझै सात हजार आठ सय ३५ कमलरीहरूले सरकारले लगत सङ्कलन नगर्दा सरकारी परिचयपत्र प्राप्त गर्न सकेका छैनन् । परिचयपत्र नभएकोले उनिहरू सेवा सुबिधाबाट वांचित भइका छन् । सरकारको दोहोरो भूमिकाले उनिहरूको भविष्य आज पनि दाउँमा छ ।

यस्तै गरेर सरकार र प्यूठानको स्वर्गद्वारी गुठी पीडित किसानको शंघर्ष समितिबिच २०८० चैत्र ७ गते भएको सहमति तत्काल कार्यन्वयन गर्न माग गर्दै किसानहरू आन्दोलनरत छन् । उनिहरूको समस्या पनि सरकारले अनसुनिगर्दै आएको छ । न कानुन बन्यो, न किसानको हक सुनिश्चित भयो ।

के हाम्रो देशभित्र सधैं आन्दोलन गृहयुद्ध मात्र भैरहने हो त ? यो देशभित्र शान्ति सुव्यवस्थाको कल्पना गर्नु वाइहात भयो नागरिकलाई ? जनताको समस्य सरकारले नबुझ्ने उनिहरूलाई चाहिँदाको भाडो नचाहिँदाको ठांडो गराईरहेकाछन् । देशमा जुनसुकैको सरकार आएपनि किसानहरूका समस्या जस्ताको तस्तै छन् ।

सरकारमा बसेका नेताहरूले निदार खुम्चाएर सोंचौ त ! देश र जनताको हितमा पुल हुन्थ्यो की भ्यूटावर ? देशभरिका डाँडाहरूमा सरकारले भ्यूटावर बनायो । त्यो भन्दा त्यो रकमले वर्षा याममा ठुला ड्यामको व्यवस्था गरेर हिउँदमा त्यही पानीले सिंचाईको व्यवस्था हुन सक्थ्यो । पुल बनाएको भए जनताले अहिले जस्तो तुहिनमा झुण्डिएर खोला तर्नु पर्ने थिएन । सरकारले जनतालाई सास्ति दिएर भएपनि विदेशीहरूलाई खुसि पार्ने, मन्त्रीहरू विदेशको भ्रमण गर्ने र ऐयासी गर्ने क्रम बढेको छ । देशलाई अचानो बनाएर स्वार्थ पुरागर्न मन्त्रीहरू चुकेका छैनन् ।

खास गरेर देशभित्रका पार्टीहरू आफ्नै खिचलोमा सत्ता साझेदारी कसरी गर्ने भन्नेमा तल्लिन्छन् । देश र जनताको उनिहरूलाई रत्तिभर पनि सरोकार छैन । यस्तो सरकारले किसान, भूमिहिन किसान र गुठिका मोहिहरूको हक कसरी दिन सक्छन् जसले अहिले सम्म आफै मुक्तिको घोषणा गरेका कमैयाँहरू, कमलरीहरू समेतका दशक भन्दा पनि बढी समयसम्म सडक तताई रहँदा पनि कुम्भकर्णको निद्राजस्तो खुलेन । यस्ता नेता वा सरकार सँग आस गर्ने की आन्दोलन गर्ने ? जनताले शान्ति चाहान्छन् । राज्य अशान्तिको आगो सल्काइरहेको छ ।

हिजोका दिनहरूमा झापालीहरूले किसानलाई भूमि दिने भनेर जस्को जोत उसैको पोतका नारा लगाए । जमिनदारहरूलाई जन कार्वाही गरे । त्यसपछि २०५२ देखि माओवादीहरूले हजारौं युवाहरूलाई नयाँ जनवादी क्रान्ति तथा कृसि क्रान्तिका नाममा बली चढायो ।तर उनि किसानहरूको अबस्था जस्ताको तस्तै छ । गणतन्त्र आएपछि किसाहरूको झन नराम्रो अवस्था छ । पहाडी भेगका जनताहरूका खेत बारि बाँजो छ, युवाहरू विदेश तर्फलागेका छन् । जो विदेश जान सकेनन्, तिनीहरू कुनै न कुनै पार्टीका झोले बनेर आफ्नो जीवन यापन गरेका छन् ।

आज हिंजोका पुर्खौलि पाटो समेत बञ्जर बन्दै गरेको अबस्था छ । किसानहरूलाई समयमा मल बिउको व्यवस्था नहुनु उनिहरूलई कृर्षि योग्यो साधन कसले उपलब्द गराउने ? बिना अभिभावकका किसान हुन पुगेकाछन् । तराईमा त किसानहरूले कृषि योग्य जमिनमा अन्न फलाउन सक्ने अबस्था नै छैन् । भूमाफियाहरूले गर्दा जमिनको भाउ बढ्यो । किसानहरूको हातबाट जमिन फुत्क्यो ।

अब थोरै जमिन भएका किसानहरू भूमिहिन किसान अथवा मजदुरको रूपमा परिणित हुनपुगेका छन् । यो सबै अदुरदर्शी सरकारले गर्दा नै हो । सरकारले किसानहरूको, मजदुरहरूको र देशका आम युवाहरूको समस्या बुझ्न नसकेर आज देशका जनताहरूको यस्तो दुर्गति हुनपुग्यो । राजनीतिको चेत खुलेन ।

संविधान दिवस, केको संविधान दिवस । जनतालाई यस्तो कष्टमात्र दिने संविधान दिवसको के अर्थ, के औचित्य ? सम्विधान बनेपछि देशले विदेशीलाई भित्र्यायो । स्वदेशीलाई शरणार्थी बनाएर निकासी गऱ्यो । देशका युवाहरूलाई देश विहिन बनाएको छ । सम्विधानले पहिलो गल्ती संघीयता भित्र्याउनु हो । जनताको हक हित सुनिश्चित गर्न नसक्नु हो । राज्यकोषको दुरूपयोग गर्नु हो । बोल्न पाए लेख्न पाए भन्दैमा जनाधिकर सुनिश्चित नहुने रहेछ । देशमा भएका कलकारखानाहरू बन्द भएका छन् । रोजगारी र विकास निर्माणको गति छैन । तमाम कम्जोर पक्षहरूलाई हटाउन र देश र जनताको हित अधिकारको लागि जनताको बलियो एकताको दरिलो आन्दोलन उठाउनु पर्ने देखिन्छ । जसले संघीयतालगायतका देशभित्रका फोहोरहरू बढारेर कानुन व्यवस्थाको बहाली गर्न मद्दत् गर्नेछ ।




# Excellent Experiences Of Excellent Nepal

By Bharat Bhushan
Washington Virginia USA

It is my pleasure to present the 13th report in the advisory board meeting of USA Dulles South Senior Center (DSSC) USA last week. Our member Professor Dr. Uttam Karmacharya has already written 35 th books and booklets on different academic and professional subjects.
He was inspired by this center while he was here as a member. Few members of this center have also contributed to this book including myself by writing articles for the book. I hope by the end of this year the book will be published. He is an Educationist, Social Worker, Researcher, Consultant, and Trainer and so on. He has worked as a former a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) and Director, Center for Education for All (CEFA) Nepal. At present Professor Dr. Uttam K. Karmacharya presently has been working as a Board of Director, Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science.He has received 7 awards and hundreds of publications / articles in different national newspaper of Nepal both in Nepali and English language.
Before visiting to Nepal this year , I went to India for my knee replacement; I got it done in order at Manipal Hospital Bangalore. I met Professor Dr. Uttam Karmacharya at Senior Center Virginia U S A during his stay in the USA. I found a very good friend in him and we were and we are and we will remain good friends forever. It was his wish and sent Invitation to me to visit Nepal. His interest for Senior Citizens of Nepal and spade work already done by him helped me to accept the invitation and I decided to proceed to Nepal on 10th of April; 2024 and departed from Nepal on 17th April 2024.
Excellent visits started from the day of arrival in Nepal. Grand welcome was waiting at the Tribhuvan International Airport (TIA) Kathmandu, Nepal. Dr. Uttam Karmacharya himself along with his old student Mr.Saroj Sharma received me at the Airport. Both of them honored me with a Nepali shawl. Specialty of the area was that to enter the city of Bhaktapur foreigners have to pay a fee of Nepali Rs 500.00 for one week to Bhaktapur Municipility visiting with Indian passport.
Day one, it was most wonderful memorable welcome reception at TIA Kathmandu received by professor Karmacharya and Saroj Sharma. The flight was on time Vistara Indian airlines with a PP number U5253493 departed from Indira Gandhi International Airport reaching Kathmandu ITA around 10:30 Am late by one hrs. Photo of the Airport Reception
While coming from the airport, we directly reached Dr. Iwamura Memorial Hospital and Iwamura College of Health Science, where Dr Uttamji is still working as Board of Director of the Hospital and College. It was a great pleasure to meet there. In his office room no.501. I met Dr. Mahesh Singh Chauhan and Mr. Saroj Sharma in his office . Both of them honored me. We had a lot of discussions on various practical aspects of human health and college management. At this college we departed after a cup of hot coffee with staff members. I observed it is a neat, clean and well managed college.
After coffee and other initial formalities we proceeded to Vajra Guest House situated at Bhaktapur Durbar Square Kathmandu Valley Nepal. It is a neat , clean and comfortable guest house and nearer to the residence of Professor Dr. Uttam Karmacharya.
Afternoon I enjoyed local units with Professor Uttam. It included a National ART MUSEUM. Museum was worth seeing. It has Stone art section, Painting Section, Wood Carving Section and Metal Craft Section at Bhaktapur Durbar Square. Here we met Madam Yamuna Maharjan, Museum Officer, who helped me to understand the intricacies of the museum.



Secondly we visited Bhaktapur DURBAR SQUARE area, one of the UNESCO heritage sites . It has many temples, 55 windows; Malla Kings palace, traditional sitting places and a lot of local food hotels and restaurants. Many many locals and foreigners were present there to observe and enjoy the local traditional tangible and intangible cultural heritages / beauties of the area of Bhaktapur DURBAR SQUARE area. It was unimaginable storage of traditional values and asset of Newari culture and heritages developed during Malla dynasty/ golden period of Nepal. We enjoyed first dinner with Dr. Uttamji and his family at their home/ Pramila Greha .
DAY two started with a nice breakfast at the Guest house before proceeding to see different famous temples of Nepal. We hired a taxi for making visit fast and convenient movement It included:Dattatreya temple square; Pashupatinath Temple;Suryavinayak Temple and Mahadev Temple of Suryabinayak Municipality. In addition to it we also visited a unique wood museum and copper museum.
Afternoon we had a coffee at our guest house and visited a local food area. Food called Baaraa is available with egg or mutton keema . We preferred egg Baaraa, It was really very delicious tasty local food, Lot of visitors and local persons were enjoying this food , There was hardly space to sit. Day two ended with delicious food with professor Karmacharya. In the hotel Dr. Uttam and myself reviewed the book being written By Dr. Uttam on elderly people/ senior citizen with special reference to Senior Citizen Center of Virginia.
Day three was the real academic visit to Nepal. We started the day by visiting Schreer Memorial Hospital of Banepa. We visited the SCHEER MEMORIAL ADVENTIST HOSPITAL. We visited different departments including operation ,OPD etc and we were given a sendoff with nice snacks. From the Hospital we went to the Lions Club of Kavre Banepa where we were honoured by its President Ms Sarita. She honoured us at her hospital cum Lions club office. She elaborated on the activities taken by the Lions club. She also discussed the activities of her hospital specially related with rural poor people. She also arranged a nice lunch in a hotel. After lunch we proceeded to Banepa Municipality. In its way we had an opportunity to visit Banepa Chandeshwori GoldenTemple. visited Banepa Municipality where we met Mayor Shanti Ratna Shakya and his Dy. Mayor. Madam Bimala Sapkota.. Meeting started with honouring us by the Mayor. Lot of matters were discussed regarding elderly people of the area.We visited a local senior centre run by Banepa Municipality. Few members were there. Centre was very neat and clean. Kitchen was also very neat. We had a lot of discussion with them with the help of Dr Uttamji . Certain fruits were also distributed to them. Overall it was a good experience to visit senior Center of Banepa.
Afternoon we went to DhuliKhel and met Ms Rudradevi Sharma, Chief District Officer. In the afternoon I had an honour to attend the 21 st Memorial day of late Ram Bhakt Kokh-shreshta, former Mayor of Banepa Municipality .I was really overwhelmed to be honoured by chair on Dias, Thanks to Dr Uttamji. Chief Guest was Regional Parliament member honorable Shree Kanchan Badi Shrestha and Special Guest was Shanti Ratan Shakya, Mayor of Banepa. I was really honoured to get a chance to speak on this occasion. This all was followed by good refreshment. This time also gave me an opportunity to meet Shree Suman Kokh S/o late Ram Bhakt, Mr. Suman is working as Principal Ram Bhakt Memorial School of Banepa school was full of local attire, their customs etc. The day ended with observing the New Year Special Evening of Bhaktapur.
Day four was comparatively a calm day. April 13 was New Year day of Nepal. I went with Dr.Uttamji to the festive side of Lingo events. We enjoyed Nepali Drummers show along with their local music.We Visited local Bhaktapur Pottery and market. Dr. Uttam is writing a book on elderly people. We had a pleasant evening .To discuss various aspects of the book almost ready for publishing. I had an excellent dinner at Dr Uttam's house. Mrs. Pramila Karmacharya prepared nice food in spite of the fact that she had a fracture in her right hand. Thanks to her.
Day five started with a nice breakfast at Vajra Guest House . We hired a taxi and reached Patan Thecho, a far off rural area,where some solid work for senior citizens was going on by individuals. Retired armed police inspector Shree Bal MKrishna Thapa was founder president of Senior Centre Chautari Thecho. He worked in Washington USA gave this idea and concept for seniors. He studied about senior center from 20 states of the USA. And finally came back home land Nepal to start senior centers. With the consultation with family members and friends, He got registered Senior Centre Chautari as Non-Profit organization in august 2019 with main moto of PREVENTION IS BETTER THAN CURE.. This centre started Free Blood pressure and sugar test on a monthly basis on different days at different Places. Thecho fitness park is available 24 hours a day without cost. This center has very positive future plans for to organize picnic and pilgrimage to activate meditation,to operate a door to door treatment program for disabled seniors and to construct seniors friendly buildings.
We had a wonderful and tasty dry lunch at the center prepared by volunteers ,which will never be forgotten. This center is also running a day center for seniors, where they come for a full day and served tea and Lunch. We visited the day centre and had a good discussion and chat with members.Locals have started a very good gesture to celebrate their kids birthday and others at this day center with sweets ,fruits and lunch too depending on individual choice.
I had one more opportunity that day to meet Shree Brabim Basnet, who has written a book on HUMAN PSYCHOLOGY and was presented to me. Things have been presented in very simple form. The book is also being translated into Nepali.
Day Six was dedicated to educational institutions .Bhaktapur Municipality has been undertaking academic institutions with an objective of imparting quality education at fees affordable to all people and making Bhktapur a centre of excellence. It is unique that the municipality runs seven academic institutions where about 7000 students from 72 districts of Nepal are studying.Municipality has been also providing scholarships at different levels to the tune of thirty millions. Then first we went to Khwopa College Bhaktapur. We visited the entire college along with their labs and Library. We discussed their financial and managerial aspects. Their views and futureplans were very ambitious and they were working on it to make this college into a University called Khwopa University . Our second college where we went was Engineering college. There were two engineering colleges in the same campus periphery.
I requested Dr Uttam to see the early education system too. We went to see Little Treasures Montessori Bhaktapur. We were honored by the management of the school. We discussed their teaching pattern, met staff members and discussed their views. We found that it was avery well managed school with good facilities to teach kids. Overall it was good.
Day seven had its own importance to me, as we planned to go for an Aerial visit series of Himalayan mountains . The flight seat was reserved with YETI airlines. It was 40 minutes flight. We saw magnificent mountains from a height of about 15000 ft. We could had glimpses of Mount Everest, Lhotse, Nuptse Amadablam Chamlang Makalu Gauri Shanker Langtang Lirung Annapurna Ganesh and Kanchanjunga etc This was an unforgettable experience. This was a morning trip.
After mountain trip we went to Bhaktapur , where we visited, Tapukhu, Rani Pukhu and Baje Pukhu. After this visit we had some marketing in Kathmandu. I purchased Nepali Kurta Pyjama and Typical Nepali cap. In the evening I was fortunate to meet a great personality Maheshwor Juju Rajopadhyaya. He was kind enough to come to my guest house to meet us. . He was honoured with the Trigunateet Tantra Sadhna Ratna award. He was author of 8 books and still active and writing.
This ended my trip and the next day early morning departed from Kathmandu airport to New Delhi, India.
I am very thankful and grateful to Professor Dr. Uttam Karmacharya for his balanced personality, friendlier- friendship , public relation and his ever ready help extended to me ( DDSS center ) in Nepal and USA Dulles South Senior Center (DSSC) USA.
Bharat Bhushan,
Advisory board member USA Dulles South Senior Center (DSSC) USA. Virginia USA

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 14 **Against the Law**

Alert to undercurrents, she suspected that bigger plans were in the air. Khatiawara talked of repealing Revenue Order Number One of 1917 which forbade alienation of Bhutiya-Lepcha land. The eight-member Land Reforms Committee, of which he was chairman, promised to parcel out estates, even Kazi's, among Nepalese peasants. Their zeal was beginning to provoke a reaction. Some legislators complained that the Constitution Act had been "bulldozed through the assembly with undue haste", others objected that the chief minister made no attempt to stand up for even minimum rights. Santosh Kumar Rai, who had become Congress general secretary, told reporters that he knew very little of what went on in the party.

Neither did Kazini. She first learnt of the move for closer ties with India when Swaran Singh told the Lok Sabha on 25 July that Sikkim had not yet asked to take part in New Delhi's political institutions. "If and when such a request is received, it will be for this parliament to decide." The announcement seemed to suggest a measure of annoyance at delay. But if Kazini was kept in the dark, Sikkim's head of state, who had a constitutional right to be informed of developments and whose concurrence was necessary for any measures, was even more so: he did not hear a word of approaches to the Indian government-if there were any, that is until more than a month later. The bomb burst then, and it was impossible to say whether the Chogyal had deliberately been denied information or whether Kazi's overtures were a back-dated invention.

Apparently at their very first meeting, the day after they were sworn in, Sikkim five ministers, with the chief executive holding the ring, resolved to ask the Indian government to "confirm their willingness to discharge the rights, responsibilities and powers to accept the request set out in the Government of Sikkim Act and resolutions" of 20 and 28 June. Das sent a copy of this resolution
to the palace "for the Chogyal's perusal". He acknowledged receipt on 27 July asking: "May I know exactly what is being requested of the government of India¿ Any letters addressed to the government of India on important matters must have my approval as it naturally involves Indo-Sikkim relations." The Chogyal also wrote to Mrs Gandhi on 29 July emphasizing his strong objections to any step that might damage Sikkim's international identity and affect relations with India. Das did not reply, probably because neither he, nor the chief minister, knew the answer to the Chogyal's question. It was for New Delhi to decide what the Sikkimese could and should ask for. Das was also waiting for India's response to Kazi's letter which he had forwarded on 26 July, behind the Chogyal's back and allowing the ruler think that no steps had been taken since he had not approved of any.

It was a clandestine move, also an illegal one, as Justice Hidayatullah commented. Under clause 29 (1) (b) of the Act, the chief executive was bound to "submit all important matters to the Chogyal for his information and for his approval of the action proposed to be taken". Under clause 5 "all executive action of the government of Sikkim taken in accordance with the provisions of this Act shall be expressed to be taken in the name of the Chogyal", which was hardly possible if he did not know what was being done. In any case. the 20 and 28 June resolutions had no force which is why Das did not incorporate them in the Act. The resolutions were permissible only under the Act, which did not become operative until 6 July; indeed, this was the justified argument advanced by the PO when the Chogyal objected to the 20 June proceedings. Similarly, the assembly could not exercise its right to "seek participation and representation for the people of Sikkim in the political institutions of India" under clause 30 (c) of the Act until the Act itself had become law. Under no circumstances, therefore, could Das have regarded Kazi's letter as a valid request to India or sent it to New Delhi, and certainly not without consulting the Chogyal. The Indian government was bound to ignore any such unauthorized communication.

It was not until the afternoon of 27 August that Das at last sent a peon to the palace with a letter from Kazi dated 12 August and a covering note to say: "I am enclosing a copy of a letter received
from the chief minister while I was ill. I am sorry, I did not forward it to you earlier." Kazi's letter reminded the chief executive that New Delhi had not yet responded to his 24 July message.
This belated action seemed fishy to the Chogyal because even if the chief executive had been indisposed, he was not bedridden for the 15 days between 12 August and 27 August. There was no reason. for not sending a piece of paper a few hundred yards up the road from Mintokgang. It was also curious that Kazi's letter did not: contd...

## East or west, my country is best

**I've tasted the flavor of**
**both East and West**
**A huge difference amid the two.**
**In both places home is the nest.**

**Was born in the east**
**Growing up in a joint**
**Family was the best**
**It's rarely found in the west.**

**The closeness among us**
**was the huge achievement**
**The degree of closeness is**
**Lessened in the western nest.**

**We shared, felt happy & content**
**As long as there is love,**
**Materialism was not the first,**
**In west, sharing isn't the concept.**

**Main goal was Contentment,**
**mrigtrishna is west running after.**
**Mostly aiming for worldly lust,**
**Meditation & yoga; East is creator.**

**West is full of beautiful nature,**
**People are submissive and creator.**
**It's a land of opportunities,**
**Invites best talents from everywhere.**



**Madhu khare**
**(Self-written)**
**Virginia, USA**

# १९८० को दशक र सार्क


डा. शास्त्रदत्त पन्त

सन १९८० पछि भारतीयले नेपाल जान पाउनुलाई हङकङ र सिंगापुर गए सरह ठान्छन् । तराइमा नागरिकताको आवाज चर्काउनेहरू भाडाका हुन्, मनमा भारतीय राष्ट्रियता भएका हुन्, रअ, एसटिएफ एओजी समर्थक हुन् । तराइबासी नेपाली भूमिपुत्र हुन् बिशुद्ध राष्ट्रभक्त छन् ।

अन्तरिम सरकारको काम २ वर्षभित्र नयाँ संविधान बनाएर २०४७को संविधानलाई पुनर्स्थपन गर्नु थियो । संविधान नबनाइकन नागरिकता ऐन २०६३ बनाउनु अप्रजातान्त्रिक, असंबैधानिक र अराजनीतिक हो ।

हिजो जनसंख्या बृद्धि हुदैमा राष्ट्रलाई कुनै खतरा हुँदैनथ्यो । आजको अवस्था त्यस्तो छैन ।ङण तराइका आप्रवासी मध्ये ९४.३ प्रतिशत भारतमा जन्मेका छन् । ती मध्ये ८४.९ प्रतिशतको नेपालमा आफ्नो घर छ । राज्यसँग कति भारतीय के कारणले थपिए भन्ने कुनै आँकडा छैन । भएको अभिलेख पनि विगारिएको छ । कुनै स्वैतपत्र पनि जारि गरेको छैन । २०५२ सालपछि ४०-४५ प्रतिशत नेपाली श्रमबजार भारतीय नागरिकले ओगटेका छन् । अब तराई बचाऊ अभियान थाल्नु परेको छ । तराइका नागरिकताको कुरा र आप्रवासीको कुरा वेग्लाबेग्लै हो । जन स्तरको कुरा गर्ने हो भने भारतीय जनता नेपालको पक्षधर छन् । भारतका बहुमत जनता नेपालमा हिन्दुअधिराज्य चाहन्छन् । त्यहा जनमत लिने हो भने उनीहरूले नेपालको जेठ ९ गते २०६३ मा भएको घोषणा उल्ट्याउन चान्छन् । नेपालका दललाई दोषी मान्दछन् । कलियुगीन पाश्चात्य प्रजातन्त्र जनविचारमा नभएर दलविचार छ, दलचाहि कुनै कम्पनिको प्रोपराइटर सरह व्यक्ति हुने भएकोले एक दलीय तानाशाही साम्यबाद र पुँजीपति उदारबादी प्रजातान्त्रिक तानाशाहीमा कुनै फरक देखिदैन । उदाहरणर्थ, १० जुन १९९० को समझदारी पत्र, २०४९ को नागरिकता नियमावली, श्रम ऐनको संशोधन, २०५१ सालको (मनमोहन सरकार) र २०५२ सालको (देउवा सरकार), प्रचण्ड र बाबुरामहरूले गरेका समझदारीहरू नागरिकता सम्बन्धी निर्णयहरू, २०६३ सालको नागरिकता ऐन, कोशी, कर्णाली सन्धिहरू सबै भारतीयकरणातिर उन्मुख छन् । बास्तबमा फिजिका प्रम सिनीवेनी रबु र भारतका जयराम रेडी बीच भएको सन्धि र २०६३ मा बनाइएको नागरिकता ऐनको अन्तरनिहित स्वार्थमा कुनै तात्विक भिन्नता छैन । आठ दलका नेता सबै महेन्द्र चौधरी सरह भैसकेका छन्, अव लेन्डुप हुने बाटोतिर हिँडेका छन् ।

पृथ्वीनारायण शाहले त्यतिवेलै बुझेको कुरा आजका दल नेताले बुझेनन् । शीपयुक्त विदेशीलाई प्रशिक्षकका रूपमा निम्त्याउने र तिनबाट प्रतिस्पर्धी जनसंख्या आफ्नै देशमा उत्पादन गर्ने र विदेशी फर्काउने उनको नीति थियो । नेपालको इतिहासमा नागरिकता सम्बन्धी पहिलो नीति यही थियो । राणा शासनमा पनि राहदानी नभै आवतजावत गर्न पाइदैनथ्यो । नागरिकताको उल्लघनको सुरूआत सुगौली सन्धि पछि र नाङ्गो उलङ्घन नेपाली काग्रेस सत्तामा आएपछि भएको देखिन्छ । नेपाल अभिलेख बिहिन देश त्यसै दलले बनाएको हो ।

यहीँबाट पाठ सिकेर युवा पिढीले देश जोगाउने र सम्पन्न बनाउने जिम्मेवारी बोक्नुपर्छ । शुद्ध नेपालीलाई स्वतन्त्रता प्यारो हुन्छ । ऊ बरू आधा पेट खाएर बाँच्छ तर अरूको दास भएर बाँच्न चाहँदैन । आयातीत प्रजातन्त्र पर धर्म हो, त्यो भयाबह हुन्छ । त्यसलाई त्यागेर आफ्नै नेपाली प्रजातन्त्र बनाउनु पर्ने नेपाली जनसोच छ । किनकि शरीर बाँचे कमिज फेरि रहन सकिन्छ । देश बाँचे व्यवस्था फेरिरहन पाइन्छ । शरीरै नरहे नयाँ कमिजको के अर्थ ? देशै नरहे प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, जनतन्त्र जे आदर्शको कुरा गरे पनि त्यसको कुनै अर्थ हुँदैन । फेरि राजसंस्था आफैंले देशको राष्ट्रियता समाप्त पारेको उदाहरण कहीँ पाइँदैन तर दलीयताले राष्ट्रिय अस्तित्व नै विनाश गरेका धेरै उदाहरण छन् ।

### सार्क, भारत र आर्थिक उन्नति

युरोपियन युनियन, आसियानले मानव विकासका लागि सकारात्मक योगदान दिएको अवस्थामा दक्षिण एसियायी मुलकहरूले पनि संगठित भएर आर्थिक उन्नति गर्न निधो गरेर दक्षिण एसियाली सहयोग संगठन (सार्क) को गठन भएको हो । यस क्षेत्रका सबै देश मिलेर सबैले सबैको उन्नति गर्ने आशयले यो संगठनको अवधारणा बनेको थियो । सबैको सहयोगबाट सबैको हित हुने केही काम गर्न सक्ने विचार सुझे अनुरूप श्रीलंकामा भएको एक गोष्ठीमा राजा वीरेन्द्रले दुई ठूला देश भारत र चीन समेत सहभागी हुनेगरी दक्षिण एसियाली मुलकको पनि संगठन बनाउनु पर्ने प्रस्ताव गरे, बंगलादेशले तुरून्त स्विकार गरे पछि दक्षिण एसियाली सहयोग संगठनको ( सार्क) संगठन बन्यो । राजा वीरेन्द्रकै पहलमा त्यसको राजधानी (केन्द्रीय सचिवालय) पनि नेपालमा नै बनाइयो ।

यो सोचाइले भुटान, सिक्किम लगायत यस क्षत्रका भूपरिवेष्ठित मुलुकको लागि विशेष राहत मिल्ने आशा पनि गरिएको थियो । काश्मिरमा विद्यमान अशान्तिलाई आपसी समझदारी र प्रजातान्त्रिक अभ्यासबाट समाधान हुने आशा गरिएको थियो । भारत र चीनबीचको सीमा समस्या पनि आपसी समझदारीबाट समाधान गर्न सकिने आशा गरिएको थियो । यस्ता कामको वहानामा पश्चिमा मुलुक पसेर लडाउने, फुटाउने र शोषण गर्ने अवस्थको पनि न्यून हुने आशा गरिएको थियो । किनकि विश्व दुई ध्रुवीय भएका बखत दुवैबाट अलग रहेर आआफ्नो देश बनाउने अठोटकासाथ असंलग्न संगठनको थालनी भएको थियो र त्यसमा रहेका कमि यो संगठनबाट पूरा हुने आशा पनि गरिएको थियो । यो संगठन असंलग्न भावनाकै अंश थियो ।


दक्षिण एसियाका मुलुक मिलेर यो क्षत्रमा रहेका पछौटेपन हटाएर आर्थिक उन्नति गर्ने मुख्य आशय थियो । आर्थिक उन्नति गर्न सबैभन्दा ठूलो ब्यापार, उद्योगधन्दाबाट आर्थिक उन्नति हुने आशा गरिएको थियो । तर भारतकै कारण तत्कालै चीनलाई समावेश गर्न सकिएन । चीन र पाकिस्तान बाहेकको संगठन बनाउने अन्तरनिहित चाहना देखियो भारतको । तर त्यो भुबनोटको बिपरित र सर्वाङ्गीण विकास सिद्धान्तको पनि विपरित हुन्थ्यो । वास्तवमा राजनीति र इगो भावना विकासको विपरित हुन्छ, त्यहि थियो भारतसंग । भारतको, भूगोलले पाकिस्तानलाई समेट्यो तर नियतले चीनलाई बाहिर राख्यो । पछि राजा ज्ञानेन्द्रले फेरि चीनलाई समेट्ने प्रस्ताव गरे, बदलामा भूगोलले अमिल्दो अफगानिस्थानलाई भारतले समावेश गर्न चाह्यो । अफगानिस्थान समावेश भयो, चीन पर्यवेक्षक सदस्य मात्र रह्यो । वास्तवमा चीनको सहभागी बिना सार्क मुलुकहरूको बाञ्छित आर्थिक उन्नति अझै संभव छैन, विकास गति सन्तुलन पनि गर्न सकिदैन ।

आज सार्क असफल प्रायः छ । सार्क असफल हुनुको मूल कारण भारत भएको छ । सार्क निर्माण गराउन राजा वीरेन्द्रको मुख्य भूमिका थियो । सार्कबाटै उनले यस क्षत्रलाई शान्ति क्षत्र बनाउन चाहन्थे, आणविक हतियार मुक्त, वैदिक संस्कारसहितको शान्ति क्षत्र चाहेका थिए । उनले राखेको शान्ति क्षत्र बनाउने प्रस्ताव विश्वले मन पराएको थियो । विश्वका प्रमुख ११६ मुलुकले तुरून्त अनुमोदन गरेका थिए । यही आधारमा सार्कबाटै भारत र चीन सीमा विवाद, भारत र पाकिस्थानको सीमा विवाद, जम्मुकाश्मिर समस्याको दिगो निवारण गर्ने उनको चाहना थियो ।

सार्क मुलुकभर युरोपियन प्रथा गराउन चाहेका थिए । भारत कै कारण सार्क मरेतुल्य छ । जबसम्म भारतले चीन र पाकिस्तानलाई शत्रु भावको आँखाले हेरिरहन्छ, सार्कलाई सशक्त बनाउनलाई संभव पनि हुन सक्तैन । जनआक्रोस दबाउने कोसिस भयो । विश्वले पनि आजसम्म त्यस्तो भयानक र रहस्यमय हत्याको खोज तलास गरेन, गर्नै खोजेन ।

केही समयपछि राजा वीरेन्द्रका चाहना अनुसार राजा ज्ञानेन्द्रबाट चीनलाई बोलाएर सार्क संगठनमा सामेल गराउन चाहे । चीन र भारत भएपछि आर्थिक उन्नति छिटो हुने र अन्य अव्यक्त कुरा पनि संतुलित हुँदै जाने आशा गरिएको थियो । त्यो प्रयत्न सार्कलाई सन्तुलित र सक्रिय बनाउने कोसिस थियो । संतुलन कायम गराउने प्रयत्न थियो तर बदलामा भारतले अफगास्थिानलाई समावेश गराएर चीनलाई मुल्तबीमा राख्ने वातावरण बनायो । भूगोल अनुसार अफगान हैन बरू म्यानमारलाई समावेश गर्नं उपयुक्त हुन्थ्यो । अमिल्दो अफगानिस्थानलाई सार्कमा समायोजन गर्नं बास्तवमा आर्थिक, सामाजिक उन्नतिकोलागि भन्दा राजनीतिक रणनीति देखियो ।

# सहकारी ठगलाई कारवाही कथा भयो


बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

नेताहरू देश लुट्ने, तिनकै संरक्षणमा, मितोमतोमा सहकारी ठगहरूले जनतालाई लुटे । जनताको अभर पर्दा उपयोग गर्न भनेर जम्मा गरेको सहकारीको रकम लूटको धन फूपुको श्राद्ध गरिरहेका छन् नेता र ठगहरूले ।

सहकारी लुट्नका लागि नक्कली सम्बन्ध बिच्छेद गरेर पनि बचेका छन्, समाजलाई नराम्रोसँग गिजोलेका छन्, यिनलाई दण्ड दिने कसले ?

कानुन अपाङ्ग छ, अदालत असक्षम छ, सरकार सहकारी ठगकै मतियार छ । मर्ने त आमनागरिक हुन्, जो सहकारीमा पैसा राख्दा औषधि नपाएर मरिरहेका छन्, भोकभोकै मरिरहेका छन् । लोकतन्त्र नामको यो पद्धतिले नेतालाई पोस्यो, माफिया र ठगहरूको संरक्षण गऱ्यो । आमनागरिक सबैभन्दा बढी मर्कामा परेका छन् ।

सहकारी ठगहरू बच्ने नै भए त ? यो पद्धतिसँग समयले उठाएको प्रश्न हो यो ।

मेरो विचारमा हिजोसम्म डल्ले कालुले गाउँमा चिनिने काले आजकल डल्लेभन्दा सहकारी 'डन' भएर चिनिन थालेको रैछ । हरि काकाले मास्टरीको जागिर सकिएपछि आको उपदानलाई डल्ले कालुले चलाको सहकारीमा ड्याम्मै ब्याज आउने भनेर राख्या रैछन् । हरि काकाले ब्याज ड्याम्मै आउनेगरी राख्या उपदानको पैसा । अहिले डल्ले कालुका लागि अनुदानजस्तै भएछ । काकाले पोहोर दसैंमै टीका लगाउन आउनेहरूका लागि दक्षिणा भन्दै सहकारीमा गएर पैसा मागे पनि पाउन सकेनन् । धेरैले विश्वास गरेर उसले चलाको सहकारीमा धेरैले आफूले कमाएको, पेन्सन पाको, घरजग्गा बेचेको पैसा उही डल्लेकैमा राख्ने गर्दथे । तर, समयले डल्लेलाई 'डन' बनाइदियो । सहकारी डन डल्ले गाउँमा मात्र होइन सरकार, संसद्मासमेत चर्चा पाउन थालेपछि हरि काका अक्क न बक्क परेका छन् । ३० वर्ष घोक्रो सुक्नेगरी कराएर आको उपदान डल्लेले तीन महिनामै अनुदानजस्तै बनाइदिएपछि हरि काका प्रजातन्त्र ल्याउन २०४६ सालमा आन्दोलनमा उत्रिएजस्तै आफ्नै पैसा फिर्ता पाउँ भन्दै सडकमा आइपुगेका छन् । उनको विद्रोह कानुनले, सरकारले सुनेको छैन ।

प्रजातन्त्र आएपछि जनताको हक अधिकार सुनिश्चित हुन्छ भनेर कक्षाकोठामा पढाका । तर, आफैंले पढाको विद्यार्थीले विचरा हरि काकाको चिल्ल न बिल्ल बनाइदिए छ । थोपा-थोपा संकलन गरेर सहकारीमा राख्ने र त्यही सहकारीबाट पैसा निकालेर उत्पादन गरी भकारी बनाउने योजना बनाएका धेरै हरि काकाहरूको अहिले कन्तविजोग भएको छ । दुई-तीनवटा दसैं कटे । फेरि दसैं आउन लागिसक्यो तर डल्ले कालुको सहकारीका सदस्यहरूलाई भने दसैं हैन दशा नै पो सुरू भाको छ ।

सहकारी मालिकहरूले सहकारीमा राखेको पैसा जति खाए पनि तिर्नु नपर्ने रे ! बरू हल्लाखल्ला गरेरै भए पनि पैसा पचाउने दाउमा बस्या छ भन्छन् डल्लेका प्रशंसक । गाउँमा ढिडो खान पनि मुस्किल थियो डल्ले कालुलाई । सहकारीमा दाउ राखेपछि उनले त अहिले सरकारी मान्छेलाई भोज भतेर गराउँछन् रे ! ठीकै छ, भाग्यमा त्यस्तै ल्याए छ डल्लेले ! राम्रै भो । कति दुःख पाओस् । एउटा न एउटा बन्नैपऱ्यो । परिवर्तनले नेताहरूलाई बनायो, सहकारलि डनहरूलाई बनायो । लोकतन्त्रले पार्टीहरूलाई फलिफाप बनायो । चिल्लीबिल्ली जनताको भयो ।


सहकारी ठगहरूले ठग्नु ठगे । विदेशका कुरा गर्ने चाहिनेभन्दा धेरै थुतुनो चलाउनेलाई समेत भ्याए । सहकारीको दाममा मस्ती गर्न पल्केको डल्ले डनका पनि डन रैछन् । चार जना जुट्ने कार्डपत्ति फिट्ने । जनताले जोगाइराख्ने डल्लेहरू त्यसलाई घुमाइघुमाइ आफ्नै बाउको अंश बाँड्याजस्तो स्वास्नी, छोराछोरी सालासाली सबैको नाममा यता नि लगाउने उता नि लगाउने । सहकारी डनहरू, ठगहरू ऋण पनि आफैं लिने । सावाँ पनि त्यहीबाट तिर्ने क्या काइदाको सहकारी चलाको हो । कानुनको भन्दा बढी चलाखी सहकारी ठगहरूको खोपडी । हुँदाहुँदा त्यही सहकारीको पैसाले अरूलाई साहु बनाउन पनि भ्याउने डल्लेका दिमाग । कहाँको सहकारी कहाँको भकारी ! भकारी सम्झेर हरि काकाले डल्लेको सहकारीमा राख्या उपदान न यता न उता भयो । 'आकासको फल, आँखा तरी मर' भनेजस्तै भो सहकारीमा राखेको बचत । यो बचत ठगहरूले पचाउलान् त ? सबैको प्रशन छ ।

ठगहरूको प्रचारमा जनता फसे । ब्याज धेरै खाने लोभमा हरि काका आफू त डल्लेको चंगुलमा परे परे । आफन्त, इष्टमित्र सबलाई डल्ले कालुको चंगुलमा पारिदिए छन् । हजार हो र ! लाख पनि होइन, करोडौं नै पुगे छ नि । विचरा ! हरि काका आफू त फसेफसे अरूलाई सहयोग गर्दा उल्टै फसे ।हरि काका सहकारीका पीडित हुन् । तर, उनको घर घेर्न अरू पीडित पुगे छन् । उनैले भनेर डल्ले कालुको सहकारीमा पैसा राखेकाहरू अहिले डल्लेको सहकारीभन्दा पनि डल्लेको सहकारीमा पैसा राख्न भन्ने हरि काकालाई पो घेर्न पुगे छन् । ल काका, तिमीले नै भनेर हामीले डल्लेको सहकारीमा पैसा राख्या हो । डल्ले कहाँ भाग्यो भाग्यो, अब ब्याज भन्या यस्तै हो हाम्रो सावाँ जसरी पनि फिर्ता गरिदेऊ । औषधि पनि खान पाइएन ।

सहकारीवालाहरूले पशुलाई घाँस देखाएजस्तो सुरक्षित हुन्, ब्याज बढी पाइने, भनेको बेलामा झिक्न पाइने भनेर फसाए । अहिले ठगहरू दमपच । सहकारीवालाहरू अहिले डन बनेका छन् । अधिकांश पार्टीवालाहरू नै छन् । यहीकारण पार्टीवालाहरू जनताको बचत फिर्ता गर्नेभन्दा पनि आयोग, छानबिन भनेर जनतालाई जिल्लयाइरहेका छ्न । सहकारी पीडितहरू समाऊ-समाऊ भन्दै गुहार माग्न सडकमा आइसके । यो भन्दा बढी प्रगति के हुन्छ यो जनतामारा लोकतन्त्रको । यो पद्धतिले, कानुनले सहकारी ठग, डनलाई पछार्छन् भन्ने कुरा एकादेशको कथामात्र भयो ।





खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि.को
अति आवश्यक जानकारी
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू:
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू:
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
टेकु, काठमाडौं, नेपाल
फोन नं: ०१-५३६४९७५, ५३६४९७४




सम्पति शुद्धीकरण
अनुसन्धान विभागको सूचना
अपराधजन्य कार्यबाट सम्पति आर्जन गरी त्यस्तो सम्पत्तिको वास्तविक प्रकृति, स्रोत, स्थान, निःसर्ग, कारोबार, स्वामित्व एवम् सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने; रुपान्तरण वा हस्तान्तरण गर्ने; प्राप्ती, प्रयोग वा धारण गर्ने समेतका कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर (Money Laundering) र आतङ्ककारी व्यक्ति वा सङ्गठनको प्रयोजनका लागि कुनै पनि प्रकारले सम्पत्ति वा कोष सङ्कलन, सहयोग वा सहजीकरण गरी गराई आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर (Terrorist Financing) नगर्न नगराउन सम्बन्धित सबैमा सूचित गरिन्छ । उल्लेखित कसुर भए गरेको अवस्थामा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४ को दफा ३० बमोजिम सजाय हुनेछ ।
नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर



# जालोमा फसेकाबाट आश नगरौं

पश्चिमा सहजकर्ताको बलमा गठन भएको यो कांग्रेस एमालेको गठबन्धन सरकारका प्रम ओली असोज ३ गते ५० लाख खर्च गरेर दरवारमार्गमा गरेको कन्सर्टबाट पनि भाग्नुपरेको छ । संविधान दिवसको रौनक देखाउन आयोजना गरिएको सो कन्सर्टमा छोटो भाषण गरेर ओली भागेका हुन् । यसअघि टुँडिखेलमै देउवा र ओलीविरूद्ध हुटिङ भएको थियो । हुन त राष्ट्रसंघमा सहभागी हुन अमेरिका पुगेका ओलीलाई बालेनका समर्थकले उता पनि कालोझण्डा देखाएका छन् ।

नेताहरूले पिटाइ खाने, घृणा बेहोर्नुपर्ने क्रम बढेको छ । बालेन, रवि लामिछाने, हर्क साम्पाङहरूले जतिसुकै ओलीको विरोध गरे पनि यो भूराजनीतिक प्रभाव होइन भन्नेहरू धेरै छन् । बहुमतको सरकारको यो हविगत, यसको मूल कारण यो पद्धतिले मुलुक हाँक्न र जनताको अपेक्षा संवोधन गर्न सकेन, असफल भएर हो । कुनियत राखेर राजनीतिलाई अपराधिकरण र भ्रष्टाचारको अखण्डा बनाएकाले नेताहरू धमाधम भाग्नुपरिरहेको छ । विश्वमै प्रमुख र दोस्रो दल मिलेर सरकार बनाउँदैनन्, नेपालमा स्थिरताको नाममा बन्यो, संविधान संशोधनको सगुफा छाडिएको छ । अन्तरिम संविधानविरूद्ध खिलराजको नेतृत्वमा सरकार गठन गर्नु, संसदमा चुनाव हारेका व्यक्तिले गणतन्त्र कार्यान्वयनको प्रस्ताव राख्नु, सभाध्यक्षले अदृश्य थेग्नै नसक्ने दबाबका वीच गणतन्त्र कार्यान्वयन भयो भनेर घोषणा गर्नुले पनि यो पद्धति अप्राकृतिक र अवैधानिक रूपमा आएको प्रष्ट हुन्छ । जुन देशमा ९४ प्रतिशत ॐकार परिवारको बाहुल्यता छ, त्यो देशलाई धर्मनिरपेक्षताको आवरणमा ईसाइकरणको मूलढोका खोल्ने पनि यिनै हुन् । यसरी भ्रष्टाचार र कुनियत, नीतिविहीन रूपमा चलेको सरकारले देश र जनताको आशा र अपेक्षा होइन, आफ्नै स्वार्थ पूर्ति गरिरहेको छ, सबे दलहरू स्वार्थकेन्द्रीत रहेका छन् । यिनले राष्ट्रहित गर्छन् भनेर सोच्नु नै गल्ती हुनपुगेको देखिन्छ ।

हो, संविधानविरोधी ऐन नियम विपरीत पनि काम गर्छन् यिनीहरू । बोलेकै भरमा दुर्गा प्रसाईलाई साइवर कुनन लगाएर पक्राउ गर्ने आदेश दियो अदालतले । यिनैले निर्माण गरेको संविधानमा वाक स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ । यिनका विदेशी हाकिमले जे आदेश दिन्छन्, यिनले त्यही गर्छन् । शान्तिपूर्ण गरिने बिरोध, नारावाजी गर्ने युवालाई पनि दमन गर्ने गरिन्छ । संविधानलाई आफूखुशी अर्थ लगाउँदा यी नेताहरू बदनाम भइरहेका छन् । दिल्लीका १२बुँदेवालाहरू जेमन्त गरिरहेका छन् । यसकारण पनि यी छाडा साँढे चरित्रका नेताहरूबाट अब नेपाल र नेपालीका लागि केही पनि हुँदैन । यिनीहरू विदेशी जालोमा फसिसकेका छन् । विदेशीले जे चाहन्छ, यिनको काँधमा बन्दुक राखेर पड्काइदिन्छन् । आदेश दिन्छन्, अनि यिनले आदेशको पालना गर्छन् । जो परजीवी छन्, रिमोटबाट चल्छन्, तिनको काम आदेशको पालना गर्नु नै हो । अब यिनले जे जस्तो काम गर्छन्, निर्णय गर्छन्, त्यो विदेशीको चाहना र स्वार्थअनुकूल नै गर्नेछन् । यिनको जे जस्तो चरित्र देखिएको छ, देशमा जनादेशको अपमान गर्दै, नेपाल र नेपालीको विरूद्धमा काम गरिरहेका छन् । यसको मुख्य कारण नै यिनका माइवाप विदेशी हुनु हो, यिनीहरू विदेशी खेताला बन्नु नै हो ।


त्यसकारण अब दशैं, तिहार, छठ, माघे संक्रान्ती आदि अनेक पर्वहरू आउनेछन्, ती पर्वहरूमा रम्नुभन्दा पनि यी पर्वहरू नभनी यी १२ बुंदे वालाहरूलाई बिस्थापन गर्न एकजूट हुनुपर्ने बाध्यता छ । जब नेपाली एकजूट हुनेछन्, सडकमा बिद्रोहको आगो ओकल्न तैयार हुनेछन्, तबमात्र नेपाल र नेपालीको कल्याण होला । होइन, पर्व पर्व भनेर भद्रो हेर्दै समय कटाउने हो भने यसबाट सबैभन्दा बढी लाभ यिनै भ्रष्ट, अनैकि तत्वहरूलाई हुनेछ । नेपालीका अगाडि भ्रष्टाचारविरूद्ध बिद्रोह गरेर स्वराज र अस्तित्व जोगाउने कि यसैगरी भ्रष्ट तत्वहरूको शोषण सहेर मर्ने भन्ने बिकल्प बाँकी छ । त्यसै पनि नेपाली वीर जाति हो । वीरताले नै यो देशको निर्माण भएको हो । पुर्षाले जुन कष्ट र त्याग गरेर यो राष्ट्रको निर्माण गरे, कहिल्यै विदेशीको उपनिवेश हुन दिएनन् । यस्तो गौरवशाली राष्ट्र आज भ्रष्टाचारको दलदल बनेको छ, भ्रष्टचारीहरूको दलबलले दमन बढाउँदै लगेका छन् । राष्ट्रको अस्तित्व नै संकटमा पर्न पुगेको छ । आन्तरिक र बाह्य दुबै रूप र स्वरूपमा देश संकटमा छ । यो संकटबाट पार पाउन यी भ्रष्ट र अनैतिक नेतृत्वबाट सम्भव छैन । यसकारण जनबिद्रोह अवश्यम्भावी जरूरी छ ।


## डेंगीबाट बच्ने उपायहरू

- लामखुट्टेको टोइबाट डेंगी लाग्नसक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।
- लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुनाकाप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्तामा एकपटक एयरकुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरू सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# चीनको संवेदनशीलता बारे अफ्रिकाबाट सिक्नुपर्छ







प्रेम सागर पौडेल
नेपाल-चीन पारस्परिक सहयोग समाज


बेइजिङमा आयोजित चीन-अफ्रिका सहयोग मञ्चले अफ्रिकालाई चीनको प्राथमिकता रहेको सन्देश दिएको छ । अफ्रिकालाई आफ्नो पक्षमा बनाउनका लागि अमेरिकाले लगानी र सम्बन्ध विस्तार गर्ने प्रयास गरिरहेको छ । सम्मेलनमा चीनले अफ्रिकीहरूसँग आफ्नो सम्पर्क बलियो बनाएको स्पष्ट पारेको छ । यस मञ्चबाट नेपालले के सिक्ने भन्ने विषयमा नेपालमा छलफल भएको छैन । अमेरिकासँगको सम्बन्ध विस्तारका कारण नेपालमा चिनलाई प्राथमिकता दिइँदैन । प्रतिफलको सन्दर्भमा पनि चीनको लगानी महत्वपूर्ण छैन । तसर्थ, अफ्रिकीहरूसँगको चीनको सहकार्य नेपालका लागि कागका लागि पाकेको बेल जस्तै हो । यद्यपि, यस मञ्चबाट नेपालले सिक्ने विषय छन् ।

लगानीको सन्दर्भमा नेपाल चिनका लागि आकर्षक स्थान हुनसक्छ । चिनमा श्रमिकको लागत बढ्दै जाँदा नेपालमा सस्तो श्रमिक भएकाले चिनियाँ कम्पनीहरू नेपाल आउन सक्छन् । यस विषयमा नेपालको चासो छैन । अफ्रिकाको आधुनिकीकरण र विकासका लागि सहकार्य गर्न चीन सधैं तयार रहेको छ । नेपालमा चीनको चासो किन घट्यो, यो पत्ता लगाउनुपर्छ ।

अमेरिका र जी ७ साझेदारहरूले अफ्रिकी देशहरूमा पूर्वाधार निर्माण गर्ने योजनाका साथ अगाडि बढिरहेका छन् । जब अफ्रिकीहरूले चीनसँगको सम्बन्ध राख्छन्, ऋण जालसहित गलत प्रतिनिधित्व प्रयोग गरिन्छ । यो टिप्पणी नेपालमा पनि छ । तर, पश्चिमको यो गलत टिप्पणी नेपालले बोकेको छ । नेपालको राष्ट्रिय हितको मुद्दा स्पष्ट नभएसम्म यो समस्या आउँछ । यस सम्मेलनबाट यस्तो देखिन्छ कि नेपालले चिनलाई आफ्नो राष्ट्रिय हितबारे स्पष्ट पार्नुपर्छ ।

सम्मेलनमा चिनियाँ विदेशमन्त्री वाङ्ग यीले अफ्रिकालाई गरिने सबै सहयोगलाई स्वागत गरिएको बताए । तर उनले यस प्रक्रियामा प्रभावशाली व्यवहार देखाउन नहुने चेतावनी पनि दिए । चिन मात्र होइन, अमेरिकाले पनि नेपालमा यो टिप्पणी किन प्रयोग गर्न सक्दैन ? यस विषयमा नेपाल स्पष्ट हुनुपर्छ । अर्कातिर, चीनले अफ्रिकी प्रतिनिधिहरूलाई रेड कार्पेट स्वागत र सांस्कृतिक ट्याब्लोहरू प्रस्तुत गर्दै सम्मान गरेर आतिथ्यको उच्च उदाहरण प्रस्तुत गर्‍यो । चिनबाट आएका अफ्रिकी प्रतिनिधिहरूजस्तै सम्मान नेपालले किन पाउँदैन भन्ने कारण पनि नेपालले खोज्नुपर्छ ।

आफ्नो सम्बोधनमा राष्ट्रपति सीले सबै अफ्रिकी देशहरूसँगको द्विपक्षीय सम्बन्धलाई रणनीतिक स्तरमा स्तरोन्नति गर्ने प्रस्ताव गरे । उनले चीन-अफ्रिका समुदायको निर्माणमा पनि जोड दिए । यस सम्मेलनले चीन र अफ्रिकालाई निष्पक्षता र तर्कसंगतता, खुलापन र विन-विन सहयोग, जन-केन्द्रितता, विविधता र समावेशीकरण, पारिस्थितिक-मैत्री कार्य, र शान्ति र सुरक्षाको क्षेत्रमा काम गर्न आधार बनाएको छ । किन नेपालले अहिलेसम्म चीनसँग यस्तो आधार निर्माण गर्न सकेको छैन ।

सम्मेलनमा चिनियाँ र अफ्रिकी प्रतिनिधिहरूले ग्लोबल साउथमा सहयोगको मुद्दा उठाए । आफ्नो भाषणमा राष्ट्रपति सीले चिनले अफ्रिकी देशहरूसँग मिलेर सम्पूर्ण दक्षिणमा आधुनिकीकरणको लहर ल्याउने घोषणा गरे । यसरी, चीनले आफूलाई सम्पूर्ण दक्षिणको पक्षपात र अमेरिकाको भरपर्दो विकल्पको रूपमा स्थापित गर्न खोजिरहेको देखिन्छ । नेपाली नेतृत्वले नेपालमा चीनको प्रयासलाई स्वार्थसँग जोडेका छन् । नेपाल-चीन सम्बन्धमा देखिएको यो कठिन मार्ग हो ।

अफ्रिकीहरूले चीनलाई विश्वास गर्ने एउटा प्रमुख कारण चीनको समतावादी विचार हो । चीनले अफ्रिकी देशहरूको सार्वभौमसत्ताको सम्मान गर्छ । आन्तरिक मामिलामा कहिल्यै हस्तक्षेप गर्दैन । अहिले पश्चिमले अफ्रिकामा समलैंगिकता, व्यक्तिवाद र भौतिकवाद जस्ता विचारधाराहरू थोप्न खोजिरहेको छ । पश्चिमले अफ्रिकामा आफूले गर्न चाहेको व्यवहारलाई लागु गरेको छ । यस विषयमा नेपालले अफ्रिकाबाट सिक्नुपर्छ ।

सन् २०२१ मा, चीनले 'नयाँ युगमा चीन अफ्रिका सहयोग' शीर्षकको श्वेतपत्र जारी गर्यो । यसमा चीन र अफ्रिकावीचको सहकार्यका सिद्धान्तहरूको उल्लेख गरिएको छ । यसले निष्कपट मित्रता र समान व्यवहार, न्याय र राष्ट्रिय सरोकारको सम्मिश्रण, जनताको विकास र खुलापन, समावेशीकरण र समन्वयमा जोड दियो । थप रूपमा, चीनले सहायतामा कुनै पनि मानव अधिकार वा राजनीतिक सर्तहरू नराख्न र लगानीमा आफ्नो भूराजनीतिक चासो नचाहेको कुरामा जोड दियो । यो अफ्रिकाका बारेमा चीनको खुला मानसिकता हो । अर्कोतर्फ, चीनले लोकतन्त्र र मानव अधिकार निर्यात गर्ने प्रयास गर्दा नेपालले समस्याहरूको सामना गरेको छ । चीनको संवेदनशीलताका बारेमा नेपालले अफ्रिकाबाट सिक्नुपर्छ ।


## डेंगी नियन्त्रणका उपाय

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्नसक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने ।
- लामखुट्टेको टोकाइबाट बच्ने उपायहरू अपनाउने ।
- डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

